**श्री**

**उच्च अदालत पोखरा**

**संयुक्त इजलास**

**इजलास नं. १**

**माननीय का.मु. मुख्य न्यायाधीश श्री डिल्लीराज आचार्य**

**माननीय न्यायाधीश श्री श्रीधरा कुमारी पुडासैनी**

**फैसला**

**मुद्दाः <u>जबरजस्ती करणी।</u>**

**मुद्दा नं. 079-CS-0312**

**नि.नं. ५८०**

| | |
|---|---|
| जिल्ला दाङ, घोराही उपमहानगरपालीका, वडा नं. २ रामपुर हाल जिल्ला काठमाण्डौं, काठमाण्डौ महानगरपालिका, वडा नं.३१ शान्तिनगर घर भई जिल्ला कारागार, तनहूँमा थुनामा रहेका मीन वहादुर शाहको छोरा पल शाह भन्ने पूर्णविक्रम शाह.....................................१ | **<u>पुनरावेदक</u>**<br>**प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| परिवर्तित नाम २०७८ गैंडाकोट ५(ख) को जाहेरीले नेपाल सरकार...............................१ | **<u>प्रत्यर्थी</u>**<br>**वादी** |

**मुद्दा नं. 079-CS-0400**

**नि.नं. ५८१**

| | |
|---|---|
| परिवर्तित नाम २०७८ गैंडाकोट ५(ख) को जाहेरीले नेपाल सरकार...............................१ | **<u>पुनरावेदक</u>**<br>**वादी** |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला दाङ, घोराही उपमहानगरपालीका, वडा नं. २ रामपुर घर भई हाल जिल्ला काठमाण्डौं, काठमाण्डौ महानगरपालिका, वडा नं.३१ नयाँबानेश्वर खरीबोट बस्ने मीन बहादुर शाह र सीता मल्लको छोरा पल शाह भन्ने पूर्णविक्रम शाह...........................................................१ | **<u>प्रत्यर्थी</u>**<br>**प्रतिवादी** |

सुरु फैसला गर्ने अदालतः श्री नवलपुर जिल्ला अदालत

सुरु फैसला गर्ने माननीय जिल्ला न्यायाधीशः श्री यज्ञप्रसाद आचार्य

सुरु फैसला मितिः २०७९।५।२१

सुरु मुद्दा नं.ः 078-C1-0159

पुनरावेदन दर्ता मितिः २०७९।७।२५, २०७९।१०।११

**न्याय प्रशासन ऐन, २०७३ को दफा ८(३) बमोजिम यसै अदालतको अधिकारक्षेत्र भित्रको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र ठहर यसप्रकार छः**

## तथ्य खण्ड

१. जाहेरी दरखास्तः

मेरी छोरी वर्ष १६ की परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) विगत ३ बर्षदेखि गायन क्षेत्रमा ख्याती कमाई आफ्नो कला प्रस्तुत गर्दै आईरहेकी थिईन्। विगत ३ महिनादेखि छोरी एकोहोरो बस्ने गरेको देखी छोरीको सम्बन्धमा बुझ्दा नेपाली सिने जगतका प्रख्यात कलाकार पल शाह भन्ने पूर्णबिक्रम शाहसँग मिति २०७७।६।२२ गते काठमाण्डौंमा "पिपलु वर..." गीतको भिडियो सुटिङ गर्ने क्रममा पहिलोपटक भेटघाट हुँदा फेसबुक आईडी र फोन नम्बर समेत आदानप्रदान भई निज प्रतिवादी पूर्णबिक्रम शाहले मेरो नावालिका छोरीलाई देखावटी रूपमा माया प्रेम गरेको बाहाना बनाई भिडियो सुटिङ तथा अन्य भेटघाटको क्रमलाई बढाउदै लगेका रहेछन्। प्रतिवादी पूर्णबिक्रम शाह र मेरो नावालिका छोरीले संयुक्त रुपमा पिपलु-बर, माया कती सम्झने तथा सुर्ती माड्दा माड्दै लगायतका म्युजिक भिडियोमा सँगै मोडलको काम गर्ने क्रममा पोखरा, चितवन, बाग्लुङ, तनहूँ समेतमा गई सुटिङ सकेर राति होटलहरुमा बास बस्ने क्रममा पटकपटक जबरजस्ती करणी गर्न खोजेकोमा छोरीले असहमती जनाएका कारण सफल हुन सकेको रहेनछ। यस्तैमा, मिति २०७७।१२।३१ गते बाग्लुङ जिल्लाको गलकोट महोत्सवमा प्रतिवादी पूर्णबिक्रम शाहसँग मेरो छोरी एउटै गाडीमा गई फर्किने क्रममा प्रतिवादी पूर्णबिक्रम शाहले छोरीलाई बालयौन दुरुपयोग गरेका रहेछन्। मिति २०७८।१।२ गते छोरी काठमाण्डौं गई घरमा आई एक हप्ता बसे पश्चात प्रतिवादी पूर्णबिक्रम शाहले फोन गरी आफू सुटिङको लागी पोखरा आउँदै छु, तिमिलाई म भेट्छु भनी पोखरा लेकसाईडमा भेट गरी मिति २०७८।१।१४ गते पोखराबाट काठमाण्डौं जाने क्रममा जिल्ला तनहूँ, शुक्लागण्डकी नगरपालिका, न.पा. वडा नं. ४ दुलेगौंडा स्थित प्रतिवादीको चिनजानको व्यक्ति प्रदीप थापाको घरमा बसाली प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरो नावालिका छोरीलाई विबाह गर्छु, धोका दिन्न भन्ने विश्वास दिलाई छोरीलाई जबरजस्ती करणी गरेका रहेछन्। छोरीलाई माया गरेको देखाउन भोलिपल्ट ढोरबाराही मन्दिरसमेत घुमाई दुलेगौंडाको सुटिङ सकेर काठमाण्डौं गएका रहेछन्। सो विषयमा प्रतिवादी उपर जिल्ला प्रहरी कार्यालय, तनहूँमा जाहेरी दरखास्त दिएकोमा कानूनी प्रक्रिया अगाडि बढिरहेको छ। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मिति २०७७।१२।७ गते जिल्ला नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका, वडा नं. ५ स्थित गैंडाकोट रिसोर्टमा एकदिने सुटिङको लागी लगेकोमा एक दिनमा नसकी भोलिपल्ट सुटिङ गर्ने भनी मेरो नाबालिका छोरीलाई सुटिङ क्यान्सील गरी पाँच दिनसम्म उक्त रिसोर्टमा राखी नाबालिका छोरी सुतेको कोठामा गई छोरीलाई मादक पदार्थ सेवन गराई पटकपटक जबरजस्ती करणी गरेको कुरा नाबालिका छोरी समेतबाट जानकारी भएको हुँदा मेरो नाबालिका छोरीलाई बिबाह गर्छु भनी प्रेमको नाटक गरी जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारबाही

गरी पाउँ भन्ने समेत बेहोराको पीडितको बुवा परिवर्तित नाम २०७८ गैंडाकोट ५(ख) को जाहेरी दरखास्त।

२. **घटनास्थल मुचुल्काः**

जिल्ला नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका वडा नं.५ स्थित पूर्वमा मदन गौतमको घर, पश्चिममा सन्तोष भुषालको घर, उत्तरमा नारायण सापकोटाको घर र दक्षिणमा रत्न सापकोटाको खाली जग्गा यति चार किल्ला भित्र चित्रध्वज जि.सी.ले संचालन गरेको गैंडाकोट रिसोर्ट रहेको, उक्त रिसोर्टको दक्षिणतर्फ जस्ताले छाएको सिमेन्ट बालुवा र ईट्टाले बनेको उत्तर मोहडाको कच्ची गेष्ट हाउस रहेको, सोही गेष्ट हाउसको पूर्वतर्फको दक्षिणमा १०२ नम्बरको कोठा रहेको, सोही कोठाभित्र डबल वेडको विस्तारासहितको पलङ रहेको, उक्त पलङको दक्षिणतर्फ विस्तारासहितको सिङ्गल लोवेट रहेको, उक्त कोठामा टि-टेवल, कुर्ची, काठको दराज तथा टेलिभिजन समेत रहेको, सोही कोठामा रहेको डबल बेडको विस्तरामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई जबरजस्ती करणी गरेको भन्ने समेत बेहोराको घटनास्थल मुचुल्का।

३. **पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) को मौकाको कागजः**

मिति २०७७।१२।६ गते खेम सेन्चुरीले सिर्जना गरेको "सुर्ती माड्दै माड्दै" बोलको गीत सुटिङको लागि सुटिङ युनिटसँग म लगायत प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह समेत आएका थिए। उक्त दिन हाम्रो सुटिङ नभएकोले हामीहरु थारु भिलेज भन्ने स्थान गई बस्यौं। अर्को दिन ऐ. ७ गते उक्त स्थानमा केही भाग सुटिङ गरी पुनः सम्पूर्ण कलाकार सहितको टिम गैंडाकोट रिसोर्टमा आई बेलुकाको खाना खाई सुत्ने बेलामा सुटिङ युनिटले मलाई गैंडाकोट रिसोर्टको १०२ नं. कोठा बुकिङ गरि दिएकोले म उक्त कोठामा आराम गरिरहेको थिएँ भने प्रतिवादी लगायत सुटिङ युनिटका अन्य व्यक्तिहरु बाहिर खाजा खाँदै रमाईलो गरिरहेका थिए। राति अं. ११:०० बजेको समयमा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरो फेसबुक म्यासेन्जरमा म्यासेज गरि "म आउछु ढोका खुल्ला राख्नु" भनेको हुँदा मैले उक्त म्यासेजको कुनै प्रतिवाद नगरी बसीरहेको अवस्थामा म सुतेको कोठा बाहिर ढोका ढक-ढक गरेको आवाज सुनी मैले ढोका खोल्दा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह रहेछन्। त्यसपछि निज प्रतिवादी मेरो कोठामा प्रवेश गरि मलाई ललाई फकाई, माया गर्छु, विवाह समेत गर्छु भनी रातभरसम्म २ पटक मेरो ईच्छा बिपरीत जबरजस्ती करणी गरेका हुन। निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मलाई पहिलादेखि नै मायाको नाटक गरी यौन शोषण गर्दै आई रहेकोमा हामी बिच भएको सम्बन्धको बारेमा कोही कसैलाई नभन भनेकोले मैले कोही कसैलाई उक्त कुराको जानकारी गराएको थिएन। यसरी म नाबालिकालाई फकाई फुल्याई मायाको नाटक गरी मेरो ईच्छा विपरीत पटकपटक जबरजस्ती करणी गर्ने निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) को कागज।

४. **घटना विवरण कागजः**

मैले विगत ३ बर्षदेखि जिल्ला नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका, वडा नं.५ स्थित गैंडाकोट रिसोर्ट प्रा.ली. सञ्चालन गर्दै आईरहेको छु। मेरो रिसोर्टमा प्रायः कलाकारहरु आउने गर्दछन्। यस्तैमा मिति २०७७।१२।०६ गते "सुर्ति माड्दा माड्दै" बोलको गीत सुटिङको लागि निर्देशक काजिश श्रेष्ठ, प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह, पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) समेतको सुटिङ युनीट आएको थियो। उक्त दिन निजहरुले रिसोर्ट बुकिङ गरी अन्यत्र गई भोलीपल्ट ऐ.७ गते पुनः मैले सञ्चालन गरेको रिसोर्टमा आई खाना खाई बाँस बसेका हुन्। रिसोर्ट बुकीङ गरेकोले प्रत्येक कोठाको चाबी निर्देशक काजिश श्रेष्ठलाई दिएकोमा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित कुन कोठामा बसे मलाई थाहा भएन। मिति २०७७।१२।०७ गते प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले जाहेरवालाको नाबालीका छोरीलाई रिसोर्टको कोठा नं. १०२ मा जबरजस्ती करणी गरेको भनि मैले मिति २०७८।११।१५ गते थाहा पाएको हो भन्ने समेत बेहोराको रिसोर्ट सञ्चालिका शुलोचना कुँवर जि.सी.को घटना विवरण कागज।

५. **गैंडाकोट रिसोर्टका वेटर भोजराज वस्तीको कागजः**

मैले गैंडाकोट रिसोर्टमा वेटरको काम गर्दै आईरहेको छु। मिति २०७७।१२।०७ गते सुर्ती माड्दा माड्दै गीतको भिडियो सुटीङ युनिटका कलाकार प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र निजका साथीहरु बाहिर पट्टी मादक पदार्थ तथा खाजा नास्ता खाएका हुन् भने पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) रिसोर्टको कोठामा सुत्न गएकी थिईन। निजहरु उक्त रिसोर्टमा २।३ दिन बाँस बसि गएका हुन्। मिति २०७८।११।१५ गते पीडितको बुवाले आफ्नो नाबालिका छोरीलाई प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जबरजस्ती करणी गरेको भनि किटानी जाहेरी दिएपछि घटनाको विषयमा थाहा पाएको हो भन्ने समेत बेहोराको भोजराज वस्तीको कागज।

६. **गैंडाकोट रिसोर्ट प्रा.लि.को ईन्ट्रिबुकको प्रतिलिपिः**

मिति २०७७।१२।७ र ८ गते गैंडाकोट रिसोर्टको कोठा नम्बर १०१, १०२, १०७,१०८,१०९ र ११० मा प्रतिवादी पूर्णबिक्रम शाह तथा पीडित गैंडाकोट ५ (क) समेतको सुटिङ युनीट बसेको भन्ने समेत बेहोराको गैंडाकोट रिसोर्टको ईन्ट्रिबुक रजिष्टरको प्रतिलिपि।

७. **घटना विवरण कागजः**

मिति २०७७।१२।७ गते हामीहरु गैंडाकोट नगरपालीका वडा नं. ५ स्थित गैंडाकोट रिसोर्टमा थियौं। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडितलाई हामीहरुले राम्रोसँग चिन्दछौं। यसैक्रममा खेम सेञ्चुरी र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) को स्वर, नेत्र अर्यालको शब्द र काजिश श्रेष्ठले निर्देशन गरेको "सुर्ती माड्दा माड्दै" गीतको म्युजिक भिडियो सुटीङको लागि २०७७ साल चैत्र महिनाको पहिलो हप्ता गैंडाकोट आएका थियौं। ऐ.७ गते सौराहमा सुटीङ सकेपछि हामीहरु सुत्नको लागि गैंडाकोट रिसोर्टमा आएको हो। निर्देशक काजिश श्रेष्ठले कोठाहरु बुकीङ गरेका थिए। १०२ नम्बरको कोठा पीडितलाई बुकीङ गरीएको थियो। काजिश श्रेष्ठ र प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह समेतले सुटीङको बिषयमा

कुराकानी गर्दै मादक पदार्थ सेवन गरेका थिए। त्यसपछि १०१ नम्बरको कोठामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह सुत्न गएका थिए। ३ दिनसम्म सुटीङ युनिट सोही गैंडाकोट रिसोर्टमा बसी ऐ.१० गते काठमाण्डौ फर्किएको हो। मिति २०७७।१२।७ गते प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित परिवर्तित नाम गैंडाकोट ५ (क) लाई सोही गैंडाकोट रिसोर्टमा जबरजस्ती करणी गरेको भन्ने सामाजिक सञ्जाल समेतबाट सुनी थाहा पाएको हो भन्ने समेत बेहोराको क्यामरा म्यान अर्जुनप्रसाद तिवारी र निर्देशक काजिश भन्ने छत्र बहादुर श्रेष्ठ समेतको घटना विवरण कागज।

८. **शारीरिक परीक्षण प्रतिवेदनः**

पीडित परिवर्तित नाम गैंडाकोट ५ (क) को Hymen: Healed scratch with Hymenal injury at 7 & 5 O'clock position भन्ने समेत बेहोराको निजको शारीरिक परीक्षण प्रतिवेदन।

९. **दुर्गेश थापा भन्ने दुर्गाबहादुर थापाको कागजः**

म बिगत १०/१२ बर्षदेखि म्युजिक भिडियो समेतमा काम गर्दै आईरहेको छु। कामको शिलशिलामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) सँग चिनजान भएको थियो। म प्राय म्युजिक भिडियो सुटिङको लागि हिँडिरहने भएकोले म काठमाण्डौबाट मिति २०७७।१२।७ गते चितवन जिल्लाको सौराहा भन्ने स्थानमा आई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह तथा पीडितसँग भेट भई "तामा पित्तल" गीतको भिडियो सुटिङ सकेर हामी लगायत पीडित समेतको सुटिङ युनीट बेलुका गैंडाकोट रिसोर्टमा आई दिनभरी सुटिङको कामले थाकेको हुँदा म कोठामा गई सुतेको हो। पीडित आफूलाई बुकिङ गरेको कोठामा सुत्न गएकी हुन्। काजीश श्रेष्ठ, पल शाह भन्ने पूर्ण बिक्रम शाह समेतका व्यक्तिहरु मादक पदार्थ सेवन गरी बाहिर बसिरहेका थिए, निजहरु कुन कोठामा सुते मलाई थाहा भएन। अर्को दिन ऐ. ८ गते बिहान म काम विशेषले काठमाण्डौं गएको हो। २०७८ सालको आषाढ महिनामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको म्यानेजर कृष्ण जोशीले प्रतिवादी र पीडितको सम्बन्धको बारेमा जानकारी गराएकोमा सो सम्बन्धमा पीडितसँग बुझ्दा "मलाई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले विवाह गर्छु भनी फकाई फुल्याई सुटिङको समयमा अन्यत्र गएको अवस्थामा समेत जबरजस्ती करणी गरेको भनि बताएकी" हुँदा म सम्राट चौलागाई, सरोज ओली, योगेश काजी समेतले हामी न्यायको पक्षमा छौं। तिमीलाई निजले जबरजस्ती करणी गरेको भए कानूनी कारवाही गर्दा राम्रो हुन्छ भनी सल्लाह दिएको मात्र हो। अन्य आर्थिक कुराको बार्गेनिङको बारेमा मलाई केही जानकारी भएन भन्ने समेत बेहोराको बुझिएका दुर्गेश भन्ने दुर्गा बहादुर थापाको कागज।

१०. **सम्राट चौलागाँईको कागजः**

मिति २०७७।१२।६ गते मेरो "तामा पित्तल" गीतको भिडियो सुटिङको लागि चितवन जिल्लाको सौराहा भन्ने स्थानमा आई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) सँग भेट भई म्युजिक भिडीयोको काम सकिएपछि म सौराहाबाट सिधै काठमाण्डौं फर्किएको हो। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) लाई विवाह गर्छु

भनी विभिन्न प्रलोभनमा पारी सुटिङको लागि अन्यत्र लगि पटकपटक र मिति २०७७।१२।७ गते समेत गैंडाकोट रिसोर्टमा रातिको समयमा जबरजस्ती करणी गरेकोले मलाई सहयोग गर्नु भनी पीडितले बताएको हुँदा म समेतले सम्बन्धित निकायमा उजुरी गर्नु भनी सल्लाह मात्र दिएको हो भन्ने समेत बेहोराको सम्राट चौलागाँईको कागज।

११. **भीमबहादुर विष्टको कागजः**

मैले विगत ४ बर्षदेखि गायन, रचनाकार र संगीतकारको रुपमा काम गर्नेक्रममा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) सँग चिनजान भएको थियो। यस्तैमा २०७७ चैत्र महिनाको पहिलो हप्ता काजिश श्रेष्ठले निर्देशन गरेको छड्के सलाम गीतको म्युजिक भिडियो सुटिङको लागि म गैंडाकोट आएको थिएँ। मिति २०७७।१२।७ गते गैंडाकोट नगरपालिका वडा नं. ५ स्थित रहेको गैंडाकोट रिसोर्टमा सुर्ती माड्दा माड्दै र छड्के सलाम गीतको सुटिङ युनिट सोही रिसोर्टमा राती बास बसेको हो। उक्त समयमा प्रतिवादी र पीडित पनि सँगै थिए। निजहरु समेत सोही रिसोर्टमा बसेका हुन्। उक्त स्थानमा ३ दिन सुटिङको काम सकी काठमाण्डौं फर्किएको हो। प्रतिवादीले जाहेरवालाको नाबालिका छोरीलाई विवाह गर्छु भनी फकाई फुल्याई म्युजिक भिडियो सुटिङको लागि बिभिन्न ठाउँमा लगि जबरजस्ती करणी गरेको र मिति २०७७।१२।७ गते समेत गैंडाकोट रिसोर्टमा जबरजस्ती करणी गरेको भन्ने जाहेरी दरखास्त तथा सामाजिक सञ्जाल समेतबाट थाहा पाएको हो भन्ने समेत बेहोराको भीमबहादुर विष्टको कागज।

१२. **योगेश काजी भन्ने योगेश वि.क.को कागजः**

मैले विगत १७ बर्षदेखि साउण्ड डिजाईनर, गायक र संगितकारको रुपमा काम गर्दै जाँदा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई चिनेको हो। प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले जाहेरवालाको नाबालिका छोरी पीडितलाई विवाह गर्छु भनी फकाई फुल्याई म्युजिक भिडियो सुटिङको लागि बिभिन्न ठाँउमा गएको अवस्थामा जबरजस्ती करणी गरेको र मिति २०७७।१२।७ गते समेत गैंडाकोट रिसोर्टमा जबरजस्ती करणी गरेकोले निज उपर प्रहरी कार्यालयमा जाहेरी दरखास्त परेको भन्ने सामाजिक संजाल तथा टेलिभिजन समेतबाट सुनी थाहा पाएको हो भन्ने समेत बेहोराको योगेश काजी भन्ने योगेश वि.क.को कागज।

१३. **जाहेरवाला परिवर्तित नाम २०७८ गैंडाकोट ५(ख) को कागजः**

म ९ बर्ष विदेशमा बसी घरमा आई सानो कृषि पेशा गरी श्रीमती तथा छोरा छोरीहरुसँग बस्दै आईरहेको छु। मेरो छोरी वर्ष १६ की परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) विगत ३ बर्षदेखि गायन क्षेत्रमा ख्याती कमाई सामाजिक सञ्जालहरुमा समेत चर्चित भई विभिन्न राष्ट्रिय कलाकारहरुसँग भेटघाट भई आफ्नो कला प्रस्तुत गर्दै आइरहेकी थिइन्। बिगत ३ महिनादेखि छोरी गीत-संगीतमा मन नलगाउने, एकोहोरो बस्ने गरेको देखि सोधपुछ गर्दा "नेपाली सिने जगतका प्रख्यात कलाकार पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरो नाबालिका छोरीलाई बिभिन्न ठाँउहरुमा म्युजिक भिडियोको सुटिङको क्रममा जाँदाको अवस्थामा देखावटी

रूपमा माया प्रेम गरेको बाहाना गरी तिमीलाई विवाह गर्छु भन्ने आश्वासन दिई पटकपटक जबरजस्ती करणी गरेको र मिति २०७७।१२।७ गते समेत "सुर्ती माड्दा माड्दै" गीतको म्युजिक भिडियो सुटिङको शिलसिलामा गैंडाकोट रिसोर्टमा रातीको समयमा जबरजस्ती करणी गरेको" भनी पीडित छोरी परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) ले मलाई बताएको हुँदा मैले जाहेरी दरखास्त दिएको हो। यसरी सुटिङ हुँदाको बखत नाबालिका छोरीको हेरविचार गरेको बहाना गरी माया प्रेमको नाटक गरी मेरो नाबालिका छोरीलाई जबरजस्ती करणी गर्ने प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको जाहेवाला परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) को घटना विवरण कागज।

१४. <u>प्र.नि.लक्ष्मी पाण्डे खनालको प्रतिवेदनः</u>

परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) को जाहेरीले वादी नेपाल सरकार प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह भएको जबरजस्ती करणी मुद्दामा अनुसन्धानको क्रममा प्राप्त हुन आएको प्रतिवादीले व्यक्त गरेको २ मिनेट ३५ सेकेन्डको अडियो रेकर्ड यसै प्रतिवेदनसाथ पेस गरेको छु कानून बमोजिम गरी पाउँ भन्ने समेत बेहोराको प्र.नि.लक्ष्मी पाण्डे खनालको प्रतिवेदन।

१५. <u>अडियो रेकर्डको अंशः</u>

........यसमा चाही के छ भनेसी यो यति ठूलो डिसिजन लिनु पर्छ नै भन्ने छैन किनभने उ प्रेगेनेन्ट भाको भए .......मैले गर्दा प्रेगेनेन्ट भएको भए .....समस्या भएको भए वा बच्चा भएको भए कुरा गर्न मिल्थ्यो..........बिहे गर्ने, स्वीकार्ने की नस्वीकार्ने अब गर्लफ्रेन्ड ब्वाईफ्रेन्डमा अरुको बाहिर हेर्नुस......अब अहिले यहि छ.......कान्छी गर्लफ्रेन्ड ब्वाईफ्रेन्डमा अण्डरस्ट्याण्डिङमा भयो होला ..........हामी सँगै हुँदा केही भयो होला तर यति कुरामा एकदम राम्रो सेफ तरीकाले यति अण्डरस्ट्याण्डिङ हिसाबमा हुँदा पनि लास्टमा स्वीकार्नै पर्छ? बिबाह गर्नै पर्छ ? ... भन्ने समेत बेहोराको प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले बोलेको २ मिनेट ३५ सेकेण्डको अडियो रेकर्ड।

१६. <u>प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहको बयानः</u>

म विगत १० बर्षदेखि कलाकारिता क्षेत्रमा प्रवेश गरी मोडल तथा नायकको भुमिकामा काम गर्दै आईरहेको छु। यसै क्रममा २०७७ साल चैत्र महिनाको पहिलो हप्ता काजिश श्रेष्ठ, शान थापा, शिब बि.क.ले निर्देशन गरेको "सुर्ती माड्दै माड्दै, चरीले, तामा पित्तल, छड्के सलाम" भन्ने गीतको म्युजिक भिडियो सुटिङको लागि सम्झौता भएकोले मिति २०७७।१२।४ गते काठमाण्डौंबाट नवलपरासीको कावासोती स्थित आई लोकेशन हेरी बसेको हो। अर्को दिन ऐ.५ गते "चरीले" भन्ने गीतको म्युजिक भिडियोको सुटिङ गरिसके पश्चात पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) "सुर्ती माड्दा माड्दै" गीतको म्युजिक भिडियो सुटिङको लागि आई थारु कल्चर भन्ने ठाँउमा अरु केटी मोडलसँग बास बसेकी थिईन। अर्को दिन ऐ. ६ गते "सुर्ती माड्दै माड्दै" गीतको गायिका तथा नायिका पीडितसँग मैले सुटिङ गर्दै जाँदा नभ्याईएकोले सुटिङ युनिट सबैजना चितवन जिल्लाको सौराहा भन्ने ठाँउमा गई बसेको हो। ऐ.७ गते बिहान सौराहामा "तामा पित्तल" भन्ने गीतको म्युजिक भिडियो सुटिङ गरी बेलुका खाना खाई राती अं.१२.१५ बजे सुटिङको टिम

मध्ये क्यामराम्यान, निर्देशक, म र पीडित गैंडाकोट रिसोर्टमा आईसकेपछी म समेतले रक्सी सेवन गरेको हो। उक्त समयमा पीडित कोठामा सुतेकी थिईन्। पछी सुटिङ युनिट आईपुगे पछी हामी आ-आफ्नो कोठामा सुत्न गएका हौं। अर्को दिन ऐ.८ गते "छड्के सलाम" गीतको सुटिङको लागी सुटिङ स्थल जानेक्रममा होटलका साहूले पीडित राती मेरो छोरीसँग सुतेको भनी बताएका थिए। त्यसपछी हामी नारायणी पुलमा गई सुटिङ गरेका हौं। सोही दिन अं. रातको १०:३० बजेको समयमा सुटिङ युनिटसहित गैंडाकोट रिसोर्टमा आई बसेको हो। म उक्त रिसोर्टको कोठा नं.१०१ मा बसेको थिएँ भने पीडित कोठा नं.१०२ मा बसेकी थिईन। म र पीडित सुत्ने कोठा सँगसँगै भएको कारणले म रातको अं.११:३० बजे पीडितको कोठामा जाँदा हिजो निजलाई एक्लै सुत्दा डर लागेको र होटल सञ्चालकको छोरीसँग सुतेको कुरा मैले थाहा पाएकोले "तिमिलाई हिजोको जस्तो डर त लागेको छैननी, ल राम्रोसँग सुत" भनी म आफ्नो कोठामा गई सुतेको हो। अर्को दिन ९ गते विहान उक्त रिसोर्टमा "सुर्ति माड्दा माड्दै" गीतको केही अंश सुटिङ गरी नारायणी पुल नदी किनारामा छड्के सलाम गीतको भिडियो अञ्जली अधिकारी, सुधीर श्रेष्ठ र म समेतका कलाकारले सुटिङ सकेर काठमाण्डौ फर्किएको हो। काठमाण्डौ फर्कीएपछि म र पीडितले भिडियो प्रोमोशनको लागी अन्तर्वार्ता दिने गरेका थियौं। हामीहरु बीच राम्रै म्यासेजहरु आदान प्रदान भईरहेको थियो। २०७८ सालको बैशाख महिनामा तनहूँमा म्युजिक भीडियोहरुको सुटिङ सकेपछि त्यसको करीब एक/दुई महिनापछि पीडितले मलाई फोन गरी "तपाईको र मेरो बारेमा बाहिर स्टुडियोहरुमा कुरा काटीरहेका छन" भनेकी थिईन्। त्यसपछि हामी बीचमा विवाद सिर्जना हुँदै जाँदा गजब टि.भि.का संचालक सरोज वली, दुर्गेश भन्ने दुर्गाबहादुर थापा, योगेश काजीसँग यो विवादको विषयमा सल्लाह लिएको हो। सोही विवादको विषयमा २०७८ साल असार महिनामा मध्यवानेश्वर स्थित होटलमा निजहरु तथा म र पीडित समेत बसी छलफल गर्दा आजै पीडितसँग विवाह गर्ने भनी जोड गरेको हुँदा तीन बर्षसम्म हामीसँगै मिली काम गर्ने र पीडित २० बर्ष पुगेपछी विवाह गर्ने भनी हामी बीच मौखिक सहमती भएकाले पुनः पीडितले "मलाई तपाईको ग्रलफ्रेन्ड वा श्रीमतीको रुपमा चिनामनु पर्यो" भनी बारम्बार म्यासेज गर्न थालेपछी मैले तिमी आफ्नो तरिकाले गर भनी वादविवाद भएको केही समय पछी निज पीडितको तर्फबाट जिल्ला प्रहरी कार्यालय तनहूँमा म उपर उजुरी परेको हुँदा म मिति २०७८।११।१५ गते प्रहरी कार्यालयमा उपस्थित भएकोमा ईलाका प्रहरी कार्यालय गैंडाकोटमा समेत म विरुद्ध उजुरी परेकोले मलाई मिति २०७८।११।२३ गते उक्त कार्यालयमा ल्याईएको हो। मिति २०७७ चैत्र ७ गते राती रिसोर्टमा मैले मादक पदार्थ सेवन गरेको हुँ। मैले पीडितलाई मादक पदार्थ सेवन गराई जबरजस्ती करणी गरेको भन्ने बेहोरा झुठ्ठा हो। पीडित तथा जाहेरवालाले म उपर किन जाहेरी दिए मलाई थाहा भएन। म र पीडित बीच प्रेम सम्बन्ध थिएन। बाहिर आएको अडियो क्लिप मिति २०७८ साल असार महिनामा हामी बीच भएको छलफलको अडियो क्लिप हो। उक्त अडियोमा भएको आवाज मेरो हो। सोमा भएको कुनै आवाज मेरो नभएको जस्तो लाग्छ। उक्त अडीयो क्लिपमा भएको शब्द मैले प्रतिवाद गर्दा उच्चारण भएको हो। मलाई पीडितले स्वीकार गर्नुपर्छ भनेको हुँदा मैले केही ठोस प्रमाण भएमा देखाउनुहोस् भन्दै अरु प्रेमी-प्रेमीकाको

उदाहरणसहित स्पष्ट पारेको हो। निजलाई मैले जबरजस्ती करणी गरेको होईन। सुटिङ सकिए पछी सबै आ-आफ्नो कोठामा जाने क्रममा मेरो र पीडित सुत्ने कोठा सँगसँगै भएको कारणले तिमीलाई हिजोको जस्तो डर त लागेको छैननी ल राम्रोसँग सुत भनी म आफ्नो कोठामा गई सुतेको हो भन्ने समेत बेहोराको प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको बयान।

१७. <u>सरोज भन्ने पुण्यप्रसाद ओलीको कागजः</u>

प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित नाम परिवर्तित २०७८ गैंडाकोट ५ (क) मेरो कम्पनीले उत्पादन गरेको म्युजिक भिडियो तथा गीतहरुमा अभिनय तथा स्वर दिएका छन्। यसै क्रममा प्रतिवादी तथा पीडितको सम्बन्धको बिषयमा मिडियाहरुमा हल्ला चलेको थियो। पीडित गायिका डिप्रेशनमा गएको र मर्छु भनी कृष्ण जोशीले मलाई २०७८ सालको आषाढमा बताएका थिए। केही दिनमा कृष्ण जोशी, सम्राट चौलागाई, र पीडित अनामनगरको सिलौटो रेष्टुरेण्टमा बसेका रहेछन्। उक्त स्थानबाट कृष्ण जोशीले मलाई फोन गरी हामीहरु पीडितसँगै छौं। दुर्गेश थापालाई लिएर हामी भएको ठाउमा आउनु, पीडितलाई समस्या परेको रहेछ भनी बोलाएकोले म र दुर्गेश थापा सोही स्थानमा गई निजहरुलाई भेटी कुराकानी हुँदा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई काठमाण्डौंमा १/२ दिनमा हुने सुटिङलाई काठमाण्डौं बाहिर कहिले पोखरा, कहिले नवलपरासी (पूर्व) मा लगि हेरचाह र ख्याल गरे जस्तो गरी आफूँमाथि यौन शोषण गरेको भनी पीडितले बताएकी थिईन्। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई वास्ता नगरेपछि पीडित रुँदै हिँडेको र पीडितलाई बिभिन्न वहाना बनाई गाली गरेर बेईज्जत गर्दिन्छु भनी ह्यारेशमेन्ट समेत गर्दा रहेछन्। पछि पीडितले सहन नसकी आफ्ना साथीहरुलाई उक्त पीडा सुनाएकी रहेछिन। त्यसपछि हामीहरुले कानूनी कारवाही गर्दा राम्रो हुन्छ भनी सल्लाह दिएको हो भन्ने बेहोराको सरोज भन्ने पुण्यप्रसाद ओलीको कागज।

१८. <u>वस्तुस्थिति मुचुल्काः</u>

मिति २०७७।१२।७ गते अं. २३;०० बजेको समयमा जिल्ला नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका, वडा नं. ५ स्थित गैंडाकोट रिसोर्ट प्रा.लि.को कोठा नं. १०२ मा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित नाम परिवर्तित २०७८ गैंडाकोट ५ (ख) लाई म्युजिक भिडियो सुटिङमा आएको अवस्थामा ललाई फकाई बिवाह समेत गर्छु भनी जबरजस्ती करणी गरेकोले पीडितको बुबा परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) ले प्रहरी कर्यालयमा जाहेरी दरखास्त दिएपश्चात सामाजिक संजाल समेतबाट उक्त कुरा थाहा पाएको हो। यसरी जाहेरवालाको नाबालिका छोरीलाई फकाई फुल्याई जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही हुनुपर्छ भन्ने समेत बेहोराको बुझिएका अनन्त कँडेल समेतको बस्तुस्थिति मुचुल्का।

१९. <u>घटना विवरण कागजः</u>

म गैंडाकोट रिसोर्ट सञ्चालिका शुलोचना कुवँर जि.सी.को छोरी हो। म अहिले १२ बर्षको भएँ। मिति २०७७।१२।७ गते गीत सुटिङको लागि प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह तथा पीडित परिवर्तित

नाम २०७८ गैंडाकोट ५ (क) सहितको सुटिङ युनीट हामीहरुको गैंडाकोट रिसोर्टमा आएकोमा सोही राति अं.१२:०० बजे पीडित म सुतेको कोठामा आई सुतेकोमा कति बेला उठेर गईन थाहा भएन। उक्त समयमा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने सामाजिक सञ्जाल समेतबाट सुनी थाहा पाएको हो भन्ने समेत बेहोराको मौकामा बुझिएकी सामिया जि.सी.को घटना विवरण कागज।

२०. **पीडितको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपिः**

पीडित परिवर्तित नाम गैंडाकोट ५(क) को जन्म मिति २०६२।४।३ मा भई वारदात मितिमा निजको उमेर १५ वर्ष ८ महिना ४ दिनको नाबालिका रहेको भन्ने समेत बेहोराको निज पीडितको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपि।

२१. "Upon completion of the pretest interview, this examiner determined the examinee to be suitable for the polygraph technique. Upon review of the polygraph test questions, the examinee indicated that he completely understood the scope and meaning of each question" भन्ने समेत Diagnostic finding रहेकोमा निजले परिवर्तित नम २०७८ गैंडाकोट ५(क) लाई शारीरिक सम्पर्क गर्नुभएको हो भनी सोधिएकोमा होइन भन्ने जबाफ रहेको पोलिग्राफ परिक्षण प्रतिवेदन।

२२. **अभियोग मागदावीः**

मिसिल संलग्न जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, पीडितको कागज, होटल सञ्चालिका शुलोचना कुवँर समेतको कागज, ईन्ट्रि बुकको प्रतिलिपि, अर्जुनप्रसाद तिवारी समेतको कागज, पीडितको शारीरिक परीक्षण प्रतिवेदन, दुर्गेश भन्ने दुर्गाबहादुर थापा समेतको कागज, अडियो रेकर्ड, प्रतिवादीको बयान, सरोज भन्ने पुण्यप्रसाद ओलीको कागज, पीडितको जन्मदर्ता तथा बुझिएका अन्नत कँडेल समेतको कागज समेतका आधार प्रमाणहरुबाट प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले भिडियो सुटिङको क्रममा चिनजान भएकी १५ बर्ष ८ महिना ४ दिनकी पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) लाई विवाह गर्छु भनी फकाई फुल्याई गीतको सुटिङ गर्न जिल्ला नवलपरासी (पूर्व), गैंडाकोट नगरपालिका, वडा नं.५ स्थित आएको अवस्थामा मिति २०७७।१२।७, ८ र ९ गते गैंडाकोट रिसोर्टको कोठा नम्बर १०२ मा राखि पीडितको ईच्छा विपरित पटकपटक जबरजस्ती करणी गरेको वारदात स्थापित हुन आएकोले प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय हुन तथा सोही संहिताको दफा २१९ को उपदफा (३क) को देहाय (ख) बमोजिम प्रतिवादीलाई जरिवाना हुन तथा प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहबाट पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम मनासिब क्षतिपूर्ति दिलाई भराई पाउन साथै, प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहबाट अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिमको रकम सोही

ऐनको दफा ४१ (५) बमोजिम पीडित राहतकोषमा जम्मा गरी पाउने व्यवस्था हुन समेत सादर अनुरोध छ भन्ने समेत बेहोराको अभियोग पत्र।

२३. <u>प्रतिवादीले सुरु अदालतमा गरेको बयानः</u>

जाहेरी दरखास्तको बेहोरा झुठ्ठा हो। मैले कसैलाई जबरजस्ती करणी गरेको छैन। म विगत १० बर्षदेखि कलाकारिता क्षेत्रमा प्रवेश गरी मोडल तथा नायकको भूमिकामा काम गर्दै आईरहेको छु। यसै क्रममा म लगायत हाम्रो सुटिङ युनिट अन्दाजी हामी ३०/३५ जना भई मिति २०७७।१२।४ गते काठमाण्डौंबाट नवलपरासी(पूर्व) को कावासोती भन्ने स्थानमा आई म्युजिक भिडियो सुटिङका लागि लोकेशन हेरी अर्को दिन ऐ. ५ गते "चरीले" भन्ने गीतको म्युजिक भिडियोको सुटिङ गरिसके पश्चात पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) “सुर्ती माड्दा माड्दै” गीतको म्युजिक भिडियो सुटिङको लागि आई थारु कल्चर भन्ने ठाँउमा पीडित अर्को कोठामा अरु केटी/ मोडलसँग बास वसेकी थिईन। अर्को दिन ऐ. ६ गते “सुर्ती माड्दै माड्दै” गीतको गायिका तथा नायिका पीडितसँग मैले सुटिङ गर्दै जाँदा नभ्याईएकोले सुटिङ युनिट सबैजना चितवन जिल्लाको सौराहा भन्ने ठाँउमा गई बसेको हो। ऐ.७ गते बिहान सौराहामा "तामा पित्तल" भन्ने गीतको म्युजिक भिडियो सुटिङ गरी बेलुका खाना खाई राती अं.१२:१५ बजे सुटिङको टिम मध्ये क्यामराम्यान, निर्देशक, म रिसोर्टमा आईसकेपछी सबै जनाले ड्रिक्सको लागि कर गरेको हुँदा मैले एक प्याक रक्सी सेवन गरेको हुँ, हामीहरुले मादक पदार्थ सेवन गर्ने समयमा निज पीडित त्यहाँ उपस्थित थिइनन्। मैले पीडित सुतेको कोठामा गई पीडितलाई मादक पदार्थ सेवन गराई पटकपटक जबरजस्ती करणी गरेको भन्ने कुरा झुठ्ठा हो। सो समयमा पीडित आफ्नो कोठामा गई सुतेकी थिईन्। पछी सुटिङ युनिट आईपुगेपछी हामी आ-आफ्नो कोठामा सुत्न गएका हौं। अर्को दिन ऐ.८ गते छड्के सलाम गीतको सुटिङको लागी सुटिङ स्थल जाने क्रममा होटलका साहूले पीडित राती मेरो छोरीसँग सुतेको भनी बताए पश्चात मैले थाहा पाएको हुँ। त्यसपछी हामी नारायणी पुलमा गई सुटिङ गरेका हौं। सोही दिन अं.रातको १०.३० बजेको समयमा सुटिङ युनिटसहित गैंडाकोट रिसोर्टमा आई बसेका हौं। म उक्त रिसोटको कुन कोठामा बसें मलाई कोठा नं. थाहा भएन भने पीडित बसेको कोठा नं. समेत मलाई थाहा छैन। त्यसपछि सबै युनिटलाई गुड नाईट भनेर हामी आ-आफ्नो कोठामा गई सुतेका हौं। म पनि सुटिङमा धेरै नै थाकेको हुँदा आफ्नो कोठामा गई सुतेको हुँ। उक्त रातको समयमा म पीडितको कोठामा गएको छैन। पीडितलाई "तिमीलाई हिजोको जस्तो डर त लागेको छैननी, ल राम्रोसँग सुत” भनी मैले भनेको पनि होइन। मैले फेसबुक म्यासेन्जरमा म्यासेज गरी "म आउछु ढोका खुल्ला राख्नू" भनेर म्यासेज गरेको पनि छैन। पीडितको कोठामा गएकै छैन। "मेरो कोठामा प्रवेश गरी प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले मलाई फकाई, माया गर्छु, विवाह समेत गर्छु भनी रात भर २ पटक सम्म मेरो ईच्छा बिपरीत जबरजस्ती करणी गरेका हुन्" भनी पीडितले भनेको कुरा झुठ्ठा हो। मैले कसैलाई यौन शोषण गरेको छैन। म निर्दोष छु। बाग्लुङ, तनहूँ तथा नवलपरासी(व.सु.पु.) जिल्लाका विभिन्न स्थानहरुमा गरिएका म्युजिक भिडियोको सुटिङका क्रममा मैले पीडितको फेसबुकमा म्यासेज गर्ने, पीडितलाई कुनै यौन प्रस्ताव राख्ने, पीडितलाई फकाई फुल्याई

विवाह गर्छु, माया गर्छु भनी जबरजस्ती करणी गरेको छैन। कहिले काँही सामान्य हाई हेलो गरी म्यासेज गरिएको हुन सक्छ तर निज पीडितलाई मैले कहिँलै गलत नजरले हेरेको छैन। सुटिङको क्रममा हामी बिच सामान्य भेटघाट मात्र हो। उक्त अडियो क्लिपमा भएको कतिपय स्वर मेरो हो र कतिपय स्वर होइन भन्ने समेत बेहोराको प्रतिवादी पल शाह भन्ने पूर्ण बिक्रम शाहले सुरु अदालतसमक्ष गरेको बयान।

२४. <u>सुरु अदालतको थुनछेक आदेशः</u>

पछि थप प्रमाण बुझ्दै जाँदा ठहरे बमोजिम हुने गरी हाललाई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ को उपदफा (१) को खण्ड (ख) बमोजिम थुनामा राखी पुर्पक्ष गर्ने गरी रीतपूर्वकको थुनुवा पूर्जी दिई यस भन्दा पुर्व यिनै प्रतिवादी उपर तनहूँ जिल्ला अदालतमा दायर भएको जबरजस्ती करणी (०७८-८१-०१३५) को मुद्दाको थुनछेकको रोहमा प्रतिवादी कारागार कार्यालय, दमौली, तनहूँमा थुनामा रहेको देखिँदा सोही कारागारमा पठाउनू भन्ने समेत बेहोराको मिति २०७८।१२।२३ को थुनछेक आदेश।

२५. <u>बकपत्रः</u>

- मौकाको मैले गरेको कागजको बेहोरा झुठ्ठा हो। म प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको फ्यान हुँ। हामी बिच कुनै नराम्रो सम्बन्ध छैन। वारदात भनिएको दिन म सुटिङ सकेर आउँदा रातको १०-११ बजेको थियो। म गैंडाकोट रिसोर्टको कोठामा आई रिसोर्टका मालिकको छोरी सामिया जि.सी.सँगै सुतेकी थिएँ। म सुतेपछि सुतिरहेको कोठामा यी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह प्रवेश गरेका थिएनन्। निजले मलाई करणी नै गरेका होइनन्। करणी नै नगरेपछि जबरजस्ती करणी गरेको भन्ने कुरै भएन। मिडियामा नराम्रो प्रकारको नकरात्मक समाचारहरु आएको सुनी मेरो बुवाले उक्त कुरा सहन नसकी प्रस्तुत जाहेरी दिनुभएको हो। मेरो शारीरिक स्वास्थ्य परीक्षण प्रतिवेदनको सम्बन्धमा मलाई थाहा भएन। प्रतिवादीसँग हाई हेल्लो म्यासेज आदान प्रदानसम्म हुन्थ्यो। सुटिङको क्रममा भेटघाट हुन्थ्यो। प्रमाणको रुपमा पेस भएको अडियो क्लिप रिहर्सलको मात्र हो। उक्त आवाज हामीहरुको नै हो। निज मेरो अभिभावक जस्तो व्यक्ति हुन्। हामी बिच माया प्रेम रहेको छैन। प्रतिवादीले मलाई विवाहको प्रलोभन देखाई वा अन्य कुनै पनि प्रकारले मलाई करणी गरेको छैन। वारदातको दिन प्रतिवादी मेरो कोठामा प्रवेश गरेका होइनन्। मैले घर गाउँमा घाँस दाउरा गर्ने, साईकल चलाउने, सिकाउने लगायतका कामहरु गर्ने गरेको थिएँ भन्ने समेत बेहोराको पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) ले सुरु अदालतमा गरेको बकपत्र।
- यी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह र पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) बिचमा अनलाइन मिडियामा बिभिन्न किसिमका नकारात्मक समाचारहरु आएको अवस्थामा यी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले गैंडाकोट रिसोर्टमा पीडितलाई जवरजस्ती करणी गरेको भनी जाहेरी दिन जस्मिन ओझा नामकी महिलाले मलाई उक्साएकी हुँदा निजको दवाव र बहकाउमा

लागेर मैले निज प्रतिवादी उपर जबरजस्ती करणीको आरोपमा निज प्रतिवादी उपर झुठ्ठा जाहेरी दिएको हुँ। जाहेरी बेहोरा साँचो थिएन। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरो छोरी परिवर्तित नाम २०७८ गडाकोट ५ (क) लाई करणी गरेको छैन भन्ने समेत बेहोराको जाहेरवाला परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) ले सुरु अदालतमा गरेको बकपत्र।

- पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) लाई कसैले जबरजस्ती करणी गरेको हो भनी मौकामा मैले कुनै पनि कागज गरेको छैन। प्रहरीले प्रतिवादी भनिएका पल शाह भन्ने पूर्णबिक्रम शाहको उपरमा करणी सम्बन्धी मुद्दा परेको छ। तपाईहरु पनि घटनाको समयमा यी प्रतिवादीसँगै रहेकाले सो सम्बन्धमा केही कुरा बुझ्नु छ भनी बोलाएको र अनलाईन मिडियामा समेत पीडित भनिएकी र यी प्रतिवादीका बिचमा केही नकारात्मक कुराहरु सुनेकोले प्रहरी कार्यालय गैंडाकोटमा आएकोमा प्रहरीले एउटा कागज बेहोरा आफैं लेखी साक्षी बसिदिनुपर्यो् भनी भनेको हुँदा उक्त कागजमा सहिछाप गरेको थिएँ। उक्त कागजमा के लेखिदिनु भएको थियो मलाई थाहा भएन। प्रतिवादीले परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई कसैले करणी वा जबरजस्ती करणी गरेको भन्ने सम्बन्धमा मलाई थाहा भएन। मैले त्यस्तो सुनेको थिईन। २०७८ असारमा म बानेश्वर स्थित होटलमा पीडित र प्रतिवादीबिच म्युजिक भिडियोको बिषयमा रियर्सल हुँदै थियो। निजहरु बिच त्यहाँ कुनै पनि विषयमा छलफल भएको थिएन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने योगेश काजी भन्ने योगेश शाह र दुर्गेश भन्ने दुर्गा बहादुर थापाले सुरु अदालतसमक्ष गरेको एकै मिलान बेहोराको बकपत्र।
- मलाई प्रहरीले पीडित र प्रतिवादीको सम्बन्धमा मिडियामा आएको कुरा सुन्नुभएको छ, छैन? यहाँ एउटा कागजमा साक्षी बसिदिन पर्यो भनी एउटा कागजमा सहिछाप गराएका थिए। उक्त कागजको बेहोरा के थियो मलाई थाहा भएन। घटनाको सम्बन्धमा मलाई थाहा भएन। प्रतिवादीले अभियोग दावी बमोजिम कसूर गरे जस्तो मलाई लाग्दैन भन्ने समेत बेहोराको बस्तुस्थिति मुचुल्काका साक्षी अनन्त कँडेलले सुरु अदालतमा गरेको बकपत्र।
- पीडित भनिएकीलाई रिसोर्ट साहुनीले आँफैले बोलाएर निजको छोरीसँग सुत्न भनी लगेकी थिइन्। रिसोर्टमा मादक पदार्थ सेवन गरे, नगरेको मलाई थाहा भएन। पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई कसले करणी वा जबरजस्ती करणी गरेको भन्ने सम्बन्धमा मलाई थाहा भएन। मैले त्यस्तो केही सुनेको छैन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने अर्जुन प्रसाद तिवारीले सुरु अदालतमा गरेको बकपत्र।
- वारदातको दिन सुटिङ सकेपछि पीडित भनिएकीलाई रिसोर्टको साहुनीले आँफैले बोलाएर निजको छोरीसँग सुत्न भनी लगेकी थिइन्। रिसोर्टमा कसैले मादक पदार्थ सेवन गरेको थिएन। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित भनिएकी परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) लाई करणी वा जबरजस्ती करणी नगरेको हुँदा निजलाई अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन

भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने काजिश श्रेष्ठ भन्ने छत्र बहादुर श्रेष्ठले सुरु अदालतमा गरेको बकपत्र।

- प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह राम्रो चरित्र भएको व्यक्ति हो। प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेको भन्ने आरोप सरासर झुठ्ठा हो। सुटिङको क्रममा हाम्रो युनिटमा ३०/३५ जना हुन्छन्। त्यहाँ नियम र अनुशासनको दायरामा बस्नुपर्ने हुन्छ। महिला र पुरुष कलाकारको छुट्टा छुट्टै कोठा एवं स्थान हुन्छ। प्रतिवादीले पीडित भनिएकीलाई जबरजस्ती करणी नगरेको हुँदा अभियोग दावी बमोजिम सजाय हुनुपर्ने होइन भन्ने समेत एकै मिलान बेहोराको प्रतिवादीका साक्षीहरु सागर लामिछाने र दमन न्यौपानेले सुरु अदालतमा गरेको बकपत्र।
- मिति २०७७ चैत्र ७, ८ र ९ गते प्रतिवादी र पीडित हाम्रो गैंडाकोट रिसोर्टमा बसेका थिए। पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) मेरो घरमा मसँगै सुतेकी थिइन्। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह कति नम्वरको कोठामा सुतेका थिए, थाहा भएन। निजहरु एउटै कोठामा बसेको मैले देखेकी थिइन। प्रतिवादीले परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई जबरजस्ती करणी गरेको मैले सुनेकी थिइन। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने सामिया जि.सी.ले सुरु अदालतमा गरेको बकपत्र।
- प्रतिवादी समेतका सुटिङको टिम मिति २०७८ साल चैत्रको ७, ८ र ९ गते सम्म गैंडाकोट रिसोर्टमा बसेका थिए। पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) रिसोर्टमा साहुँको छोरी सामिया जि.सी. सँग सुतेकी थिइन्। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह लगायत अन्य सदस्यहरु कुन कुन कोठामा बसे सुते मलाई थाहा भएन। वारदातको दिन कसैले पनि मादक पदार्थ सेवन गरेको थिएन। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह निर्दोष छन् भन्ने समेत बेहोराको घटना विवरण कागज गर्ने भोजराज वस्तीले सुरु अदालतमा गरेको बकपत्र।
- पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) को शारीरिक परिक्षण गर्ने क्रममा निजको योनीको कन्याजालीको 5 O'Clock र 7 O'Clock मा निको भईसकेको पुरानो दाग देखिएको थियो। सो बाहेक अन्य कुनै चोट, घाउँ देखिएको थिएन। योनीको कन्याजालीमा दाग देखिनुका धेरै कारणहरु हुन सक्दछन्। साइकल चलाउँदा, रुख चढ्दा, भलिबल, फुटबल खेल्दा, दौडदा, उफ्रदा, शारीरिक सम्पर्क गर्दा र हस्तमैथुन आदि गर्दा पनि कन्याजालीको 5 O'Clock र 7 O'Clock मा पुरानो दाग देखिन सक्छ भन्ने समेत एकै मिलान बेहोराको पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) को शारीरिक परीक्षण गर्ने चिकित्सकहरु डा. सरिता जोशी, डा. दिप्ती शर्मा र डा. राम प्रसाद सापकोटाले सुरु अदालतमा गरेको बकपत्र।
- मौकाको कागजको बेहोरा झुठ्ठा हो। प्रहरीले साक्षी बसिदिन पर्यो भनी भनेकोले साक्षीसम्म मात्र बसेको हुँ। घटनाको वास्तविकता सम्बन्धमा मलाई केही थाहा भएन। प्रतिवादीले अभियोग दावी

बमोजिमको कसूर गरे जस्तो मलाई लाग्दैन भन्ने समेत एकै मिलान बेहोराको बस्तुस्थिति मुचुल्काका साक्षी सुर्य बहादुर खत्री र टेकनाथ भन्ने टंकनाथ घिमिरेले क्षेत्रीले सुरु अदालतमा गरेको बकपत्र।

२६. **<u>सुरु अदालतको फैसलाः</u>**

पीडितको स्वास्थ्य जाँच परीक्षणबाट कन्याजाली च्यातिएको भनी उल्लेख भए पनि शारीरिक सम्पर्क वा करणीको कारणबाट नै कन्याजाली च्यातिएको हो भनी अनुमान गर्न समेत स्वयं पीडितकै आफूले सानैबाट साईकल चलाउने र अरुलाई सिकाउने गरेको हुँ भनी अदालतसमक्ष आई गरेको बकपत्रबाट खण्डित हुन आएको हुँदा जबरजस्ती करणीको कसूर प्रतिवादीबाट भएको हो भन्ने अभियोगमा गरिएको दावी बाहेक अन्य बस्तुनिष्ठ प्रमाण कागजातबाट देखिन नआएकोले प्रतिवादीबाट अभियोगमा दावी गरेजस्तो पीडित परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) उपर मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूर अपराध गरेको नदेखिँदा प्रतिवादी पल शाह भन्नेट पूर्णबिक्रम शाहले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। यी प्रतिवादीले पीडित नाबालिका उपर गरेको व्यवहार एवं अडियो क्लिपको संवाद समेतलाई हेर्दा, मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(२) मा उल्लेख भएको "...अन्य कुनै किसिमको यौनजन्य अस्वभाविक व्यवहार" पीडित नाबालिका उपर यी प्रतिवादीले गरेको देखिँदा यी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(१) विपरितको बालयौन दुरुपयोगको कसूर अपराध गरेको ठहर्छ। अब, प्रतिवादीलाई बालयौन दुरुपयोगको कसूर अपराधमा के, कति सजाय हुनुपर्ने हो भन्नेतर्फ विचार गर्दा, कसूरको अवस्था र यी प्रतिवादीले आफूले गीत संगीत र फिल्मी क्षेत्रमा रहेर झन संवेदनशील बनेर बाल कलाकारहरुलाई संरक्षण गर्नुपर्नेमा आफै आफ्नो जिम्मेवारी र कर्तव्य भूलेर प्रेमीको रुपमा प्रस्तुत भई कसूर गरेको हुँदा निजलाई सोही संहिताको दफा २२५(३) बमोजिम २ (दुई) बर्ष ६ (छ) महिना कैद सजाय र पच्चीस हजार रुपैयाँ जरिवाना हुने ठहर्छ। नाबालिका बाल कलाकार परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) लाई घटना पश्चात बिशेष गरी जाहेरी दिए पछि पर्न गएको प्रत्यक्ष असर र मानसिक पीडा र सहज रुपमा आफूले समाजमा आफ्नो अभिनय र गायनको क्षेत्रमा कामकाज गर्न नपाएको समेतका समग्र पक्षलाई बिचार गर्दा मुलुकी अपराध संहिता, २०७४ को दफा २२८ बमोजिम दश लाख रुपैयाँ क्षतिपूर्ती प्रतिवादीबाट पीडितलाई भराई दिने समेत ठहर्छ। साथै, जाहेरवालाले उमेर नपुगेको आफ्नो नाबालक छोरीलाई गायन र अभिनय क्षेत्रमा आफ्नो अभिभावकीय जिम्मेवारी पुरा नगरी एक्लै छोडेको, आफूले पुरा गर्नुपर्ने अभिभावकीय कर्तव्यबाट च्युत रहेको, आफूखुशी गायन र अभिनयमा एक्लै जान दिएको कारणबाट एउटा प्रतिभावान बाल कलाकार माथी यौनदुर्व्यवहार सम्मको हिंसा पर्न गएको देखिँदा जाहेरवालालाई आगामी दिनहरुमा आफ्नो अभिभावकीय कर्तव्य वहन गर्न र नाबालक छोरीलाई आफ्नो पूर्ण संरक्षणमा राखी निजको शिक्षादिक्षा लगायतका काममा उचित ध्यान दिनसमेत यसै फैसलाबाट सचेत गराइन्छ। बालबालिका उपरको कसूर अपराधलाई हल्का रुपमा लिई गोपनियता कायम गर्नुपर्ने कसूर अपराधमा समेत मिडिया ट्रायल गर्ने, आफ्नो न्यूजमा भ्यूज

बढाउनको लागि बिषयबस्तुको संवेदनशीलतालाई वेवास्ता गरी समाचार सम्प्रेषण गरी आफूँ खुसी सत्य तथ्य भन्दा बाहिर गई समाचारहरु बनामदा र सम्प्रेषण गर्दा यसले समाजमा एउटा नकारात्मक सन्देश प्रवाह हुन गएकोले सम्पूर्ण मिडिया क्षेत्रलाई समेत विषयवस्तुको संवेदनशीलतालाई विचार गरेर मात्रै बास्तविक समाचार सम्प्रेषण गर्न र नागरिकको सूचनाको हकलाई सम्मान गर्न सचेत गराईन्छ भन्ने समेत सुरु नवलपुर जिल्ला अदालतको मिति २०७९।५।२१ को फैसला।

२७. <u>पुनरावेदन पत्रः</u>

- नवलपुर जिल्ला अदालतबाट प्रतिवादी म पल शाह भन्ने पूर्ण विक्रम शाहलाई जवरजस्ती करणीको अभियोग दावीबाट सफाई दिने गरी भएको नवलपुर जिल्ला अदालतको मिति २०७९।५।२१ गतेको फैसला मिलेकै हुँदा यसमा मेरो कुनै पुनरावेदन जिकिर छैन। प्रतिवादी म र पीडिता भनिएकी गैंडाकोट ५ (क) दुवै गायन र म्युजिक भिडियो लगायत अभिनयको क्षेत्रमा रही हामी दुवैले आ-आफ्नो पहिचान बनाएका सिने कलाकार हौं। सुटिङको क्रममा हामीहरु संगै स्वदेश विदेशका विभिन्न ठाउँमा जाने गरी आएका हौ। त्यसरी सुटिङमा जाँदा सुटिङको युनिट नै संगै गएको र सुटिङको नियमको पालना गरी बस्नुपर्ने हुन्छ। पीडितालाई मैले बहिनीको रुपमा व्यवहार गर्दै आएको हुँ र स्वयं पिडिताले मलाई मिति २०७८।५।१५ मा लेखेको SMS बाट पनि सो पुष्टि भएकोछ। वारदात भनिएको समयमा सुटिङका युनिट सहित हामी गैंडाकोट रिसोर्टमा बसेकोमा विवाद छैन। तर रिसोर्टमा युनिटका हामी कलाकारहरुलाई बस्ने छुट्टाछुट्टै कोठाको व्यवस्था गरिए अनुसार पीडिता गैंडाकोट ५(क) रिसोर्ट सञ्चालकको छोरी सामिया जि.सी.संग संगै सुतेको भन्ने निज सामियाको मौकाको र अदालतको वकपत्र तथा पीडिताको वकपत्रबाट पुष्टि भएको अवस्था छ। म आफ्नै कोठामा सुतेको पीडिताको कोठामा नगएको हुँदा वारदात भयो भनिएको समयमा पीडिता र मेरा विच भेटघाट बोलचाल नभएकाले भेटघाट बोलचालै नभएको पीडितालाई मैले बालयौन दुरुपयोग गरेको ठहर गर्नु युक्तिसंगत छैन। पीडित भनिएकी गैंडाकोट ५ (क) ले म र यी प्रतिवादी विचको विभिन्न नकरात्मक समाचारहरु मिडियामा आएका, केही मिडियाहरुले हामीहरुका विचमा विवाह हुँदै गरेको भन्ने र केही मिडियाले म र प्रतिवादी पल शाह विचमा सम्बन्ध विग्रेको छ भन्ने जस्तो मेरो इज्जतमा धक्का लाग्ने किसिमका समाचारहरु आएका कारण सो कुरा बुबाले सहन नसकी जाहेरी दिनुभएको हो। मिति २०७७।१२।७ गते म गैंडाकोट रिसोर्टमा मालिकको छोरी सामीया जी.सी.संगै सुतेकी हुँ भनी बकपत्र गरेको अवस्था छ। जाहेरवालाले बकपत्र गर्दा अनलाईन मिडियामा नकरात्मक समचार आएको अवस्थामा जस्मिन ओझाले मलाई उक्साई दबाव दिई जाहेरी दिएको हुँ। जाहेरी बेहोरा साँचो होइन। प्रतिवादी पल शाह भन्ने पूर्ण विक्रम शाहले जबरजस्ती करणी गरेका होइनन्। प्रतिवादीले जबरजस्ती करणी नगरेकाले सजाय हुनुपर्ने होइन भनी उजुरी गर्नुपर्नाको कारण सहित खुलाई मेरो निर्दोषितालाई पुष्टि हुने गरी जाहेरवालाले समेत बकपत्र गरिदिएको अवस्था छ। दृष्य नभएको अडियो क्लिपलाई प्रमाणमा लिन मिल्दैन भनी सम्मानित सर्वोच्च अदालतबाट सिद्धान्त कायम

भएको छ। प्रस्तुत अडियो क्लिप दृष्य विहिन रही प्रतिपादित नजिर सिद्धान्तले प्रमाणमा लिन मिल्दैन भने सो अडियो को-कस्ले रेकर्ड गरेको हो? सनाखत हुन सकेको छैन। मैले कुनै प्रकारको बालयौन दुरुपयोग गरेको छैन। अपराध स्वीकार गर्नु र अपराधसंग सम्बन्धित कुनै तथ्य स्वीकार गर्नु अलग हो भनी सम्मानित सर्वोच्चबाट नजिर सिद्धान्त कायम भएको छ। जहाँसम्म वारदात पछि पनि SMS फोन सम्पर्क हुँदै आएको भन्ने हो म प्रतिवादीले पीडितालाई बालयौन दुरुपयोग गरेको भए मसंग टाडी SMS फोन सम्पर्क नहुन पर्ने हो। मैले पीडितलाई यौन दुर्व्यवहार गरेको भए पीडिताले तत्कालै प्रतिकार गरेको वा उजुर गरेको हुनुपर्ने थियो। तर मसंग निरन्तर सुटिङमा संलग्न रही संगै युनिटमा हिड्ने कक टेलिफोन सम्वाद गर्ने गरेबाट हामीहरुका विच त्यस्तो नकरात्मक कुनै व्यवहार नभएको पुष्टि हुन्छ। नवलपुर जिल्ला अदालतबाट मलाई बालयौन दुरुपयोगको कसूर गरेको ठहर्याई भएको फैसला त्रुटिपूर्ण छ। बालयौन दुरुपयोग गरिएको भनी फैसला गर्दा कहिले कहाँ कसरी बालयौन दुरुपयोग भयो? बालयौन दुरुपयोग हुने मबाट के, कस्ता कामहरु भए फैसलामा स्पष्ट किटानी रुपमा उल्लेख गर्न सकेको अवस्था छैन। अभियोजन पक्षले मेरा विरुद्ध जबरजस्ती करणीको अभियोग लगाएको अवस्था हो। जबरजस्ती करणीको अभियोग र बालयौन दुरुपयोग विल्कुल फरक प्रकृतीका कसूर हुन्। जबरजस्ती करणीको अभियोग लगाइएको मुद्दामा अभियोजन पक्षको दावी विना नै न्यायकर्ताले आफ्नो स्वविवेक प्रयोग गरी मुद्दालाई बालयौन दुरुपयोगमा परिणत गरी सजाय गर्न न्याय कानूनले मिल्दैन। जाहेरवाला, पीडित र अभियोजन पक्षले नै बालयौन दुरुपयोग भएको भन्न नसकी रहेको अवस्थामा अदालत आफै वादी बनि दावी भन्दा बाहिर गई मलाई बालयौन दुरुपयोग गरेको ठहर गरी फैसला गरिनु ज्यादै अन्यायपूर्ण, न्याय कानून र विवेकबाट पनि अस्वीकार्य रहेकाले त्यस्तो अनुमान र हचुवाका भरमा गरीएको मिति २०७९।५।२१ को विवेकहिन त्रुटिपूर्ण फैसला बदर गरी सफाई पाउँ भन्ने समेत बेहोराको प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहको पुनरावेदन पत्र।

- पीडित र प्रतिवादी म्युजिक भिडियोमा सँगै काम गर्ने गरेको र एउटै होटलमा बास बसेको अवस्थामा यी प्रतिवादीको जबरजस्ती करणी गरेको होइन भनी गरेको इन्कारी खण्डित भएको, प्रतवादीले यी पीडितलाई बिवाह गर्छु भन्ने प्रलोभन दिएको मिसिल संलग्न प्रमाणबाट खुलेको, यी पीडित र प्रतिवादी बिच चिनजान भई सँगैं म्युजिक भिडियोमा काम गर्ने गरेको तथ्यमा प्रतिवादी समेत सहमत रहेको, यी पीडितसँग म्यासेज हुने गरेको तथ्यमा प्रतिवादी अदालतमा समेत स्वीकार गरेका र जबरजस्ती करणी कार्य लुकिछिपि गरिने कार्य भएकोले र मौकामा कागज गर्दा आफूलाई जबरजस्ती करणी भएको भनी तथ्य सहित यी पीडितले उल्लेख गरिरहेको अवस्थामा र यी प्रतिवादीले पीडितसँग बसी एक आपसमा पटक पटक बसी छलफल गर्दा तीन वर्षसम्म हामी सँगैं मिलि काम गरौं पछि पीडित २० वर्ष पुगेपछि बिवाह गरौंला भनी हामी बिच मौखिक सहमति भएको भनी यी प्रतिवादीले उल्लेख गरिदिएको तथ्य प्रमाणलाई ग्रहण गरी प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्नेमा सो

नगरी भएको फैसला मिलेको छैन। पीडित तथा जाहेरवालाले मौकामा प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहले जबरजस्ती करणी गरेका हुन् भनी किटानी जाहेरी दिएकोमा निज अदालत समक्ष उपस्थित भई गरेको बकपत्रमा प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहले जबरजस्ती करणी नगरेको भने तापनि पीडितले मौकामा आफ्नो अस्मिता नै धरापमा राखी अनुसन्धान अधिकारी समक्ष यिनै प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको भनी किटानीका साथ कागज गर्नुपर्ने कुनै आधार र कारण समेत नदेखिँदा पीडित अभाव, दबाव, प्रभावमा परी बकपत्र गरेको पुष्टि हुन्छ। अतः वारदात स्थल र समयमा प्रतिवादी तथा पीडितसँगै रहनु, घटना पश्चात प्रतिवादी र पीडित काठमाण्डौं गएपश्चात विवाद बढ्दा होटलमा भएको छलफलको अडियो बाहिर लिक हुनु र उक्त अडीयोको परीक्षण प्रतिवेदनमा ९९ प्रतिशत यिनै प्रतिवादी र पीडितको आवाज मेल खानु जस्ता प्रमाणहरुको विश्लेषण नै नगरी अभियोग मागदावीमा बाहेक अन्य वस्तुनिष्ठ प्रमाण कागजबाट देखिन नआएकोले प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाहले आरोपित कसूरबाट सफाई दिई सस्तो लोकप्रियताको लागी अभियोग मागदावी नै नभएको मुलुकी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिमको बालयौन दुरुपयोग तर्फ कसूर ठहरी प्रतिवादीलाई २ बर्ष ६ महिना कैद र सोही संहिताको दफा २२८ बमोजिम १० लाख क्षतिपुर्ती प्रतिवादीबाट भराई दिने गरी सुरु नवलपुर जिल्ला अदालतबाट भएको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी निज प्रतिवादीलाई अभियोग मागदावी बमोजिम सजाय गरिपाऊँ भन्ने समेत बेहोराको वादी नेपाल सरकारको पुनरावेदन पत्र।

२८. **यस अदालतको आदेशः**

यसमा वादी नेपाल सरकार तथा प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाह, दुवै पक्षको पुनरावेदन पर्न आएको देखिएकोले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) को प्रयोजनार्थ प्रस्तुत आदेशको प्रतिलिपि सहित वादी नेपाल सरकारको तर्फबाट पर्न आएको पुनरावेदनपत्रको प्रतिलिपि प्रतिवादीलाई र प्रतिवादीका तर्फबाट पर्न आएको पुनरावेदनपत्रको प्रतिलिपि वादी नेपाल सरकारको हकमा उच्च सरकारी वकील कार्यालय, पोखरालाई समेत उपलब्ध गराई नियमानुसार गरी पेस गर्नू भन्ने मिति २०७९।१०।२३ को यस अदालतको आदेश।

## ठहर खण्ड

२९. नियम बमोजिम पेस हुन आएको प्रस्तुत मुद्दाको पुनरावेदनहरु सहितको कागजात अध्ययन गरी पुनरावेदक वादी नेपाल सरकारका तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय, पोखराका विद्धान् उपन्यायाधिवक्ता श्री रामप्रसाद अधिकारीले पीडित परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) र प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह दुवै चलचित्र (कला) क्षेत्रका कलाकार हुन्। निजहरुका बिच २०७७।६।२२ मा काठमाडौंमा पिपलु वर भन्ने गीतको छायाँङ्कनको सन्दर्भमा भेट तथा चिनजान भई फेसबुक आइडि र फोन नम्बर आदानप्रदान भएकोमा तत्पश्चात गैंडाकोट ५(क) सँगै माया प्रेमको बहानामा फकाई फुल्याई

पटक पटक जबरजस्ती करणी गरेको र पीडित तथा जाहेरवालाले मौकामा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले जबरजस्ती करणी गरेका हुन् भनी किटानी जाहेरी दिएकोमा निज अदालत समक्ष उपस्थित भई गरेको बकपत्रमा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले जबरजस्ती करणी गरेको नभने तापनि पीडितले मौकाको कागजमा यिनै प्रतिवादीले मलाई जबरजस्ती करणी गरेको भनी किटानीका साथ कागज गर्नुपर्ने कुनै आधार र कारण समेत नदेखिँदा पीडित अभाव, दवाव, प्रभावमा परि बकपत्र गरेको हुन सक्ने हुँदा उक्त बकपत्रलाई आधार लिई नवलपुर जिल्ला अदालतले बालयौन दुर्व्यवहारको कसूर कायम गरी निज प्रतिवादीलाई २ वर्ष ६ महिना कैद तथा रु.२५,०००।- जरिवाना एवं रु.१०,००,०००।- (दश लाख रुपैयाँ) क्षतिपूर्ती भराई लिन पाउने ठहऱ्याएको फैसला बदर गरी अभियोग मागदावी बमोजिम होस् भनी बहस प्रस्तुत गर्नुभयो।

३०. त्यस्तै पुनरावेदक तथा प्रत्यर्थी प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको तर्फबाट विद्धान् वरिष्ठ अधिवक्ताद्वय श्री कृष्णबहादुर थापा र कमलामोहन वाग्ले, विद्धान् अधिवक्तात्रय श्री जनकराज ढुङ्गाना, श्री गणेशप्रसाद अधिकारी र श्री माधव घिमिरेबाट गैंडाकोट ५(क) र पल शाह भन्ने पूर्णबिक्रम शाह दुवै कलाकार भएकोले चिनजान भएको र छायाँङ्कनको सन्दर्भमा संगै हिंडेको तथा वारदात मिति २०७७।१२।७ को रात एउटै होटल अर्थात् गैंडाकोट रिसोर्टमा बसेको सम्मको तथ्य साँचो हो। जाहेरवालाले आफू जस्मिन ओझा भन्नेको उक्साहटमा लागि तत्काल जाहेरी दरखास्त दिएपनि जाहेरी अनुसारको कसूर प्रतिवादीबाट भएको होइन भनी अदालत समक्ष बकपत्र गरेका छन्। पीडित भनिएकी गैंडाकोट ५(क) स्वयंमले अदालत समक्ष उपस्थित भई आफू उपर प्रतिवादीबाट कुनै प्रकारको यौन शोषण भएको होइन, बुबाले अरुको भनाई सुनेर र तत्काल सोसल मिडियामा आएको कुराहरुको आधारमा जाहेरी दरखास्त दिनु भएको हो भन्ने समेत बेहोराबाट प्रतिवादीबाट आफू उपर कुनै प्रकारको यौन हिंसाजन्य कार्य नभएको भनी बकपत्र गरेको अवस्था र मौकामा बुझिएका सबै मानिसहरुले सुरु अदालतमा बकपत्र गर्दा अभियोग दावी खण्डित हुने गरी बकपत्र गरेको अवस्थामा सुरु जिल्ला अदालतबाट निज प्रतिवादीलाई बालयौन दुरुपयोगको कसूरदार ठहऱ्याई भएको फैसला न्यायोचित नभई उक्त फैसला उल्टी गरी प्रतिवादीले अभियोग दावीबाट सफाई पाउनुपर्छ भन्ने समेतको तर्कपूर्ण बहस समेत सुनियो।

३१. विद्धान् उपन्यायाधिवक्ता एवं वरिष्ठ अधिवक्ताहरु तथा विद्धान् अधिवक्ताहरुबाट प्रस्तुत भएका बहस जिकिरहरु सुनी प्रस्तुत मुद्दाको रोहमा सुरु जिल्ला अदालतबाट भएको फैसला मिले, नमिलेको के रहेछ? र पुनरावेदक वादी नेपाल सरकारको र प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने सम्बन्धमा हेरी निर्णय दिनुपर्ने देखिन आयो।

३२. निर्णयतर्फ बिचार गर्दा, प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले "सुर्ती माड्दै..." बोलको गीत सुटिङ गर्न गैंडाकोट नगरपालिका वडा नं.५ पीडित परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) आएको अवस्थामा सुटिङ समेत क्यान्सिल गरी मिति २०७७।१२।७, ८ र ९ गते गैंडाकोट रिसोर्टमा बसाली रातको समयमा पीडित बसेको १०२ नम्बरको कोठामा प्रवेश गरी प्रेमको नाटक गर्दै विवाह गर्छु भनी फकाई फुल्याई १५

वर्ष ८ महिना ४ दिनकी नावालिका परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) लाई पटक पटक वारदात मितिमा जबरजस्ती करणी गरेको पुष्टी हुन आएकोले प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१)(२) बमोजिमको कसूरमा सोही संहिताको दफा २१९ को उपदफा (३) को देहाय (ग) बमोजिम सजाय हुन तथा सोही संहिताको दफा २१९ को उपदफा (३क) को देहाय (ख) बमोजिम प्रतिवादीलाई जरिवाना हुन समेतको अभियोग माग दावीमा निज प्रतिवादीलाई सुरु जिल्ला अदालतले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (१) र (२) बमोजिमको कसूर अपराध गरेको नदेखिँदा प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले आरोपित कसूरबाट सफाई पाउने ठहर्छ। परन्तु, प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले पीडित नाबालिका उपर अडियो संवादमा प्रयोग गरेको शब्द एवं संवाद तथा अन्य एसएमएस लगायतका कुराकानीका गतिविधि समेत हेर्दा, प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(१) विपरित बालयौन दुरुपयोगको कसूर अपराध गरेको हुँदा निजलाई सोही संहिताको दफा २२५(३) बमोजिम २ वर्ष ६ महिना कैद र पच्चिस हजार जरिवाना तथा सोही संहिताको दफा २२८ बमोजिम प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहबाट रु.१०,००,०००।- क्षतिपूर्ती भराई दिने समेत ठहऱ्याई भएको फैसलामा चित्त नबुझाई निज प्रतिवादीलाई अभियोग माग दावी बमोजिम सजाय गरिनुपर्ने भनी वादी नेपाल सरकारको तर्फबाट र प्रस्तुत मुद्दाको कसूर आफूले नगरेकोले सफाई पाउनुपर्ने भन्ने जिकिर लिई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहका तर्फबाट यस अदालतमा पुनरावेदन दायर भई यस इजलास समक्ष पेस हुन आएको देखियो।

**३३.** प्रस्तुत मुद्दाको मिसिल संलग्न कागज प्रमाण अध्ययन गर्दा मिति २०७७।१२।७ गते जिल्ला नवलपरासी (पूर्व) गैंडाकोट नगरपालिका वडा नं.५ स्थित गैंडाकोट रिसोर्टमा एकदिने सुटिङको लागि लगेकोमा एक दिनमा नसकी भोलिपल्ट सुटिङ गर्ने भनी मेरो नावालिका छोरीलाई सुटिङ क्यान्सिल गरी पाँच दिनसम्म उक्त गैंडाकोट रिसोर्टमा राखी नाबालिका छोरी सुतेको कोठामा गई छोरीलाई मादक पदार्थ सेवन गराई पटक पटक जबरजस्ती करणी गरेको कुरा नाबालिका छोरी समेतबाट जानकारी भएको हुँदा मेरो नाबालिका छोरीलाई विवाह गर्छु भनी प्रेमको नाटक गरी जबरजस्ती करणी गर्ने निज प्रतिवादी पूर्णबिक्रम शाहलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने समेत बेहोराको पीडितको बुवा २०७८।गैंडाकोट ५(ख) को जाहेरी दरखास्त परेको देखिन्छ।

**३४.** मिति २०७७।६।२२ मा काठमाडौंमा "पिपलु वर..." भन्ने गीतको छायाँङ्कन गरेको, त्यसपछि बाग्लुङको गलकोट महोत्सवमा एउटै गाडीमा तनहूँ फर्केको र तनहूँको छायाँकन पछि नवलपुरको गैंडाकोटमा रहेको गैंडाकोट रिसोर्टमा बसेको र सोही समयमा सौराहा समेतका स्थानहरुमा पुगी "सुर्ती माड्दै माड्दै" भन्ने समेतका बोलका गीतहरुको छायाँङ्कन गरेकोसम्मको तथ्यलाई अर्थात् परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) सँग गायिका एवं कलाकारका नाताले चिनजान भएकोले सँगै खाएको एउटै होटलमा बसेकोसम्मको तथ्यलाई निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले स्वीकार गरेको देखिन्छ।

३५. सर्वप्रथम मिति २०७७।६।२२ मा काठमाडौंमा प्रतिवादीले परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) संगै "पिपलु वर" भन्ने गीतको छायाँङ्कन गरेको, त्यसपछि बाग्लुङको गलकोट महोत्सवबाट एउटै गाडीमा तनहूँ फर्केको र तनहूँको छायाँङ्कन पछि नवलपुरको गैंडाकोटमा रहेको गैंडाकोट रिसोर्टमा बसेको र सोही समयमा सौराहा समेतका स्थानहरुमा पुगी "सुर्ती माड्दै माड्दै" भन्ने समेतको बोलका गीतहरुको छायाँङ्कन गरेको सम्मको तथ्यलाई अर्थात् परिवर्तित नाम २०७८।गैंडाकोट ५(क) सँगै गायिका एवं कलाकारका नाताले चिनजान उठबस खानपिन भएको सम्मको तथ्यलाई प्रतिवादीले स्वीकार गरेको देखिन्छ।

३६. फौजदारी न्याय प्रणालीमा अभियोग दावी बमोजिमको कसूरदार ठहर गर्नका लागि प्रतिवादी अभियोग दावीको पूरै तथ्य अर्थात् सबै कसूरलाई स्वीकार गरेको हुनुपर्छ र त्यस्तो साविति पनि अन्य कुनै वस्तुनिष्ठ आधारबाट बनावटी वा तथ्यहीन रहेको भन्ने नदेखिएको अवस्थामा मात्र प्रमाणमा लिई कसूरदार ठहर गर्न मिल्छ। प्रतिवादी अभियोग दावी बमोजिमको तथ्य (कसूर) मा सावित नभएको अवस्थामा संकलित सबूद प्रमाणहरुको मूल्याङ्कनको रोहबाट कसूरदार ठहर हुन सक्दछ तर अभियोग दावी बमोजिमको तथ्य मध्ये केही तथ्यलाई स्वीकार गर्नु मात्र अभियोग दावी बमोजिमको कसूर स्वीकार गरेको मान्नु हुँदैन।

३७. प्रस्तुत वारदातमा पीडित भनिएकी २०७८ गैंडाकोट ५ (क) ले वारदात मिति २०७७।१२।७ भन्दा धेरै पछि मिति २०७८।११।१५ मा मात्र जाहेरी दिएकी देखिन्छ। यसरी वारदात भएपछिको लामो अन्तरालमा जाहेरी पर्नुको युक्तियुक्त सन्दर्भ समेत खुल्न सकेको छैन। अर्थात् पीडित भनिएकी नाबालिका त्यस्तो बारदात भएपछि Trauma वा कुनै उपचारमा संलग्न भई वा प्रतिवादीको डर त्रास धम्कीले जाहेरी ढिलो गरी दिनुपर्नाका कारण समेत वादी पक्षले खुलाउन सकेको यथोचित देखिँदैन। जबरजस्ती करणी जस्तो गम्भिर कसूर अपराधमा संहिताले १ वर्षको कानूनी हदम्याद राखिनुको विधायीकी मनसाय पीडितले कसैको डर, धाक, धम्की, त्रास वा प्रलोभन वा शारिरीक तथा मानिसिक अस्वस्थताको कारणले जबरजस्ती करणी जस्तो गम्भिर अपराधमा उजुरी वा जाहेरी गर्ने हदम्याद नभएको कारणले न्याय प्राप्त गर्ने कार्यबाट बञ्चित नहोस् भन्ने नै हो। तर विधायिकाको यसप्रकारको मनशाय विपरित वारदातको लामो सयमपछि जाहेरी पर्नुलाई सोच बिचार गरी (after thought) जाहेरी दिएको भन्न मिल्छ। प्रस्तुत मुद्दामा परेको जाहेरीको बेहोरा र आधार तथा अवस्थाबाट सोच बिचार गरेर धेरै पछि दिएको (after thought) जाहेरी दरखास्त भन्ने देखिन आउँछ। समयमै जाहेरी दरखास्त दिँदा वा सूचना दिँदा सम्बन्धित प्रमाणहरु सुरक्षित हुने कसूरदारलाई अनुसन्धान अधिकारी वा निकायको नियन्त्रणमा ल्याउन सहज हुने भई अनुसन्धान तहकिकात तथा अभियोजनको कार्यमा प्रभावकारीता बढ्ने हुन्छ। त्यसैले कानूनी कारवाही तथा सजाय हुने कुनै कसूर वा घटनाको सम्बन्धमा सकेसम्म छिटो जाहेरी दरखास्त दिनुपर्छ भनिन्छ। अन्यथा खास खास परिस्थिति वा अवस्था नपरी धेरै पछि दिएको जाहेरी दरखास्त वा पीडितको कागज बेहोरामा बढ्ने शंकाको गुन्जाइस रहने प्रमाणिक महत्व कम हुने अवस्था पर्छ।

३८. प्रस्तुत मुद्दामा अभियोग दाबी बमोजिमको वारदात गैंडाकोट रिसोर्टमा मिति २०७७।१२।७ गतेको राती ११ बजेतिर भएको भन्ने अभियोग दाबी रहेको छ। तर जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालय, नवलपुरमा

द.नं.६२ बाट मिति २०७८।११।१५ मा मात्र अर्थात् ११ महिनाको अवधि भन्दा पनि पछि परेको देखिन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २२९ बमोजिम जबरजस्ती करणीको कसूरका सम्बन्धमा सो कसूर भए गरेका मितिले एक वर्ष उजुरी दिनुपर्ने कानूनी ब्यवस्थाको रोहमा हेर्दा, प्रस्तुत मुद्दा सुरु नवलपुर जिल्ला अदालतमा मिति २०७८।१२।३ मा दर्ता भएको देखिई उल्लिखित कानूनले तोकेको हदम्याद भित्रै उजुरी परेको अर्थात् अभियोग पत्र दर्ता भएको देखिन्छ। तर यसरी वारदात मितिले ११ महिना ८ दिनमा जाहेरी दरखास्त दिनुपर्ने युक्तियुक्त कारण वा आधार जाहेरी दरखास्तमा खुल्न सकेको छैन। यसबिचमा निजहरु पटक पटक सँगै रही विभिन्न गीतहरुको छायाङ्कन (सुटिङ) कार्य गरेको भन्ने देखिन्छ। वारदात मिति र समयमा निजहरु बाहेक सुटिङ कार्यका लागि साथैमा गएका र सो रात पल भन्ने पूर्णबिक्रम शाह बास बसेको गैंडाकोट रिसोर्टमा निजहरुसँग सम्बन्धित धेरै मानिसहरु बास बसेको भन्ने देखिन्छ। वारदातपछि मिति २०७८।५।२१ गते पीडित भनिएकी गैंडाकोट ५ (क) ले प्रतिबादीको मोबाइलमा पठाएको सन्देशमा प्रतिबादीसँग माफी भागेकी तर त्यसरी माफी मागेकी करिब ७ महिनापछि मात्र प्रस्तुत मुद्दामा जाहेरी दरखास्त परेको अर्थात् वारदात मितिभन्दा पछाडि पनि केही सुटिङहरुमा सँगै रही मित्रवत रुपमा कलाक्षेत्रमा काम गरी सकेपछि सामाजिक सञ्जालमा निजहरुको आपसी सम्बन्धका बारेमा केही कुरा आएपछि स्वयं पीडित भनिएकीले प्रतिबादीसँग माफि मागेको समेतको समग्र अवस्थाबाट धेरैपछि परेको जाहेरी दरखास्तलाई सोच बिचार गरी दिएको जाहेरी दरखास्तमा रुपमा लिन मिल्ने देखिन्छ। धेरैपछि सोच बिचार गरी दिइएको जाहेरी दरखास्तबाट कसै उपर अनुसन्धान तथा कारवाही एवं सजाय गर्नु हुदैन भन्ने स्थापति न्यायिक मान्यता ९सर्वोच्च अदालत बुलेटिन, पूर्णाङ्क ६७२ पृष्ठ २३ आदि० समेतको रोहबाट हेर्दा प्रतिबादीलाई कसूरदार ठहर गर्न मिल्ने देखिएन।

३९. वारदात मिति २०७७।१२।७ मा भएको बारदात मितिको विषयमा मिति २०७८।११।१५ मा पीडित भनिएकी गैंडाकोट ५ (क) का पिताको जाहेरी दरखास्त परेको देखिन्छ भने उक्त मिति भन्दा ७ महिना अघि नै मिति २०७८।५।१५ मा पीडित भनिएकी परिवर्तित नाम गैंडाकोट ५(क) स्वयंले प्रतिवादीलाई म्यासेज “हेलो कता हो, रिप्लाई नै नदिनी.........हामीलाई थाहा छ, हामी बिच केही भएन त्यो रात तर त्यहाँ भएको मान्छेहरु सबलाई हामी बिच नहुने कुरा भयो सोचे होलान्, जबकी तँपाईले मलाई टच पनि गर्नु भएन।............ अनि बाहिर आएर सबैले सोध्यो........ त्यो बेलामा मैले..............। हुन त मलाई थाहा थियो, तपाईको गर्लफ्रेण्ड छ, तपाईले भन्नु भएको थियो। अनि मलाई रिस उठ्नुको कारण तपाईको गर्लफ्रेण्ड बाहिरबाट आउँदैछ......... म के गर्नी गर्नी भयो अनि त्यो रात सरोज दाई, दुर्गेश दाई र कृष्ण दाईहरुले, मलाई भन्नुभयो तिमिले पल शाहलाई पाउन सक्छौ........... तर तपाईले मलाई बहिनीको नजरले हेर्नु हुन्छ त्यो चाहीं थाहा थिएन मलाई थाहा भयो अब। ...... माफ गर्दिनु होला अब म आफ्नो करियरलाई अगाडी बढाउँछु, पढ्छु, राम्रो गर्छु अब देखि म आफ्नो लागि भन्ने समेत बेहोरा उल्लेख गरेको देखिन्छ भने त्यसको जवाफमा प्रतिवादीले ......... ईट्स ओके अब अरु कसैको कुरा नसुन है थ्याङ्क्यु आफ्नो काम गर मन लगाएर.......” पठाएको देखिन्छ। उक्त म्यासेज समेतबाट निज प्रतिवादी र पीडित

बिच करणीजन्य कुनै कार्य वा व्यवहार भएको पुष्टी हुन सकेको समेत देखिँदैन। वस्तुतः धेरै पछि अन्य कुनै कारण प्रभाव वा दबाबबाट मात्र प्रस्तुत मुद्दाको जाहेरी दरखास्त परेको देखिन्छ।

४०. जाहेरवालाले नवलपुर जिल्ला अदालतमा मिति २०७९।१।८ मा बकपत्र गर्दा स.ज. ५ मा उक्त बेहोराको जाहेरी दरखास्त दिन जस्मिन ओझा नाम गरेकी महिलाले आफूलाई उक्साएकीले निजको दवावमा र बहकाउमा लागेर झुट्टा बेहोरा राखी जाहेरी दरखास्त दिन पुगेछु। जाहेरी दरखास्तको उक्त जाहेरी बेहोरा साँचो होइन। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले मेरी छोरीलाई जबरजस्ती करणी गरेका छैनन् भन्ने समेत बेहोरा उल्लेख गरी विपरित साक्षी (ज्यकतषभ ध्तलभकक) भई जाहेरी बेहोरालाई खण्डित गरी बकपत्र गरेको पाइन्छ। जाहेरवाला उमेरले ४२ वर्षका, व्यस्क र स्वस्थ्य अवस्थाका मानिस देखिन्छन। यसरी उमेरले परिपक्क भएको जाहेरवाला आफैले दिएको जाहेरी दरखास्तको बेहोरा अप्रमाणित हुने गरी अदालत समक्ष उपस्थित भई स्वतन्त्र रुपमा प्रतिकूल बकपत्र दिनुको वस्तुनिष्ठ प्रमाण वा आधार वा बाध्यात्मक अवस्था नदेखिएसम्मको निजले विपरित साक्षीको रुपमा सुरु अदालत समक्ष गरेको बकपत्र बेहोरालाई अन्यथा भन्न मिलेन। जाहेरी दरखास्तको बेहोरालाई खण्डित वा अमान्य हुने गरी जाहेरवालाले अदालतमा गरेको बकपत्रको प्रमाणिक मूल्य ९भ्खष्मभलतष्बा खबगिभ० हुने भई जाहेरी बेहोरा नै खण्डित हुन पुगेकोले प्रतिवादीलाई अभियोग दावी बमोजिमको कसूरदार ठहर गर्न मिल्ने देखिएन। पीडित भनिएकी नावालिकाका पिताले आफ्नी छोरीको ईज्जत प्रतिष्ठामा समेत आघात पार्ने सम्मको वारदात (कसूर) को तथ्यता र सत्यताको पहिचान बिना अरुको बहकाउ वा उक्साहटमा लागि जाहेरी दरखास्त दिनु आफैमा अस्वभाविक र सामाजिक एवं सांस्कृतिक दृष्टिबाट निन्दनिय कार्य भन्ने देखिन्छ। यसप्रकार जाहेरवाला र पीडित भनिएकी स्वयं नावालिकाले नै प्रतिवादीले आफू उपर कुनै प्रकारको यौन दुरुपयोग वा यौनशोषण वा जबरजस्ती करणी गर्ने कार्य गरेका होइनन् भन्दै जाहेरी दरखास्त पर्नु अगावै मिति २०७८।५।१५ मा प्रतिवादी संगै क्षमा याचना गर्दै म्यासेज (सन्देश) पठाएको बास्तविकता र छोरी उपर कसैले यौन हिंसा गरेको भन्ने थाहा पाउँदा चिन्तित र आक्रोसित भई तत्सम्बन्धमा निजका बाबु वा आमा वा नजिकको हकवालाको जाहेरी दिने कार्यलाई निजहरु स्वयंले गलत तथ्यको जानकारीका आधारमा जाहेरी दिएको रहेछु भन्ने बेहोरा सहितको गल्ती महसुश गरी अदालतमा बकपत्र गरेको अवस्थामा झुट्टा जाहेरी दिएको विषयमा जाहेरवालालाई सजाय हुन सक्छ भन्ने ज्ञान समेत रहेको देखिएन। यसर्थ, यस इजलासबाट हेर्दा, मुद्दामा जाहेरवालाले वारदातको निश्चितता नगरी अरुको उक्साहटमा जाहेरी दिएको भन्ने स्वीकारोक्ती रही झुट्टा बेहोराले जाहेरी दिएको भन्ने देखिए पनि निजलाई झुट्टा जाहेरी दिएको सन्दर्भमा कानून बमोजिम हुन सक्ने कैद जरिवाना सजाय गर्न आवश्यक, मनासिव एवं न्याय सम्मत हुने समेत देखिएन।

४१. अभियोग पत्रमा पीडित भनिएकी गैंडाकोट ५(क) ले मौकामा कागज गर्दा मिति २०७७।१२।७ गतेको रात आफू गैंडाकोट रिसोर्टको कोठा नं. १०१ मा सुतेकी र पल शाह भन्ने पूर्णबिक्रम शाह कोठा नं. १०२ मा सुतेकोमा राती, १२ बजे तिरको समयमा पल शाहले "म आउँछु ढोका खुला राख्नु" भनेपनि आफूले निजको म्यासेजको प्रतिवाद नगरी बसेको अवस्थामा ढोका ढक ढक गर्न आएकोले ढोका खोली दिएकी र

निज कोठा भित्र प्रवेश गरी "माया गर्छु, विवाह गर्छु" भनी ललाई फकाई रातभर २ पटक सम्म मेरो इच्छा विपरित करणी गरेका हुन्। निजले मलाई पहिलेदेखि नै यौन शोषण गर्दै आएका थिए। हामी बिच भएको सम्बन्धको बारेमा कसैलाई नभन्नु भनेकाले पहिला कसैलाई भनिन्, पछि बुवाले जाहेरी दरखास्त दिनु भएको हो। पल शाहलाई जबरजस्ती करणीको कसूरमा कसूरदार ठहर गरी कानून बमोजिम सजाय हुनुपर्दछ भन्ने समेत बेहोराबाट अनुसन्धानमा प्रहरी समक्षको कागज गरेको देखिएतापनि नवलपुर जिल्ला अदालत समक्ष उपस्थित भई पीडितले मिति २०७९।१।७ मा बकपत्र गर्दा, स.ज ९ र १० मा "वारदात मितिको रात म गैंडाकोट रिसोर्टमा रिसोर्टकी मालिकको छोरी सामिया जिसिसँगै सुतेकी हूँ। म सुतिरहेको कोठामा प्रतिवादी प्रवेश गरेकै होइनन् र मलाई करणी गरेकै होइनन् भनेकी छिन्। यसैगरी "मिडियामा नराम्रा कुराहरु आएकोले त्यसलाई सहन नसकी मेरो बुवाले जाहेरी दरखास्त दिनु भएको हो। म खेलाडी पनि हूँ र साइकल चढ्ने समेत गर्दछु। प्रतिवादीसँगै हाइहेलो म्यासेज हुने र सुटिङको समयमा संगै हुने सम्मको अवस्था बाहेक अरु केही होइन्। प्रतिवादीले मलाई विवाहको विश्वास देखाई वा प्रेमको बहाना गरी मेरो कोठामा प्रवेश गरी करणी नै गरेका होइनन्। निज निर्दोष छन्" भन्ने समेत बेहोराबाट बकपत्र (स१२ज) मा गरेको देखिन्छ। यसरी जो व्यक्ति पीडित भयो भनी जाहेरी दरखास्त परेको छ र आफू जबरजस्ती करणीको वारदातमा परि पीडित भएको भनी मौकामा कागज गर्दछिन् उनै व्यक्तिले अदालतमा उपस्थित भई आफू पीडित होइन, मेरो बुवाले अरुको उक्साहटमा जाहेरी दिएको र प्रतिवादीबाट कुनै प्रकारको यौन दुरुपयोग नभएको भनी सुरु अदालतमै व्यस्क जाहेरवाला निज पीडित कै पिता र नाबालिकाले बकपत्र गरेको स्थितिमा अभियोग दावी बमोजिमको जबरजस्ती करणीको वारदात भएको भन्न मिल्ने देखिएन।

४२. प्रमाण ऐन, २०३१ को दफा ३८ मा साक्षी हुन सक्ने व्यक्ति भनी **"कलिलो उमेर, अति वृद्धावस्था वा शारिरिक वा मानसिक रोग वा अरु त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहऱ्याएको व्यक्ति बाहेक मतियार लगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्नेछ"** भनी साक्षीको योग्यता सम्बन्धी व्यवस्था गरेको छ। प्रस्तुत मुद्दामा पीडित भनिएकी परिवर्तित नाम गैंडाकोट ५(क) जबरजस्ती करणी जस्तो गम्भिर अपराधको स्वयंम साक्षी पनि हुन। निजको उमेरलाई हेर्दा कलिलो उमेर नभएर नाबालिका मात्र हुन्। उनी आफूले काम गरेको र सोधेको कुराको युक्तियुक्त जवाफ दिन सक्ने र परिणाम थाहा पाउन सक्ने सक्षमता भएकी व्यक्ति हुन्। दुर दराजमा रहेका बालबालिका अथवा (Vulnerable child groups) पिछडिएको वर्गहरुका बालबालिकाका लागि अदालतमा सोधिएका सवाल जवाफ दिन असमन्जस्यता हुन सक्छ तर जो नेपाल भित्र मात्र नभई विदेशमा समेत विभिन्न कार्यक्रमहरुमा गएर आफ्नो कलाकारिताको राम्रो प्रर्दशन गर्न सक्ने, सोसल मिडियाहरु चलाउन सक्ने र विभिन्न टि.भी. कार्यक्रमहरुमा युक्तियुक्त अन्तरवार्ता समेत दिन सक्ने सक्षम, लोकप्रिय र अब्बल कलाकारको रुपमा स्थापित समेत रहेकी पीडित भनिएकी नाबालिकाले अदालतमा उपस्थित भई स्वयंले आफ्नो बुवा जाहेरवालाको रोहवरमा आफू उपर जबरजस्ती करणी प्रतिवादीबाट भएको होइन भनी भन्छिन

भने त्यसलाई अन्यथा मान्नु सम्वद्ध कानून न्याय र सामाजिक दृष्टिबाट समेत उपयुक्त हुँदैन। तत्काल वारदातस्थल वरपर रहेका वा प्रतिवादी र पीडित भनिएकी सँगै सँगै सुटिङका लागि रहे भएका सबै मानिसहरुले समेत अभियोग दावी बमोजिमको वारदात भएकै होइन भन्ने बेहोराबाट बकपत्र समेत गरेका छन्। पीडितको शारिरीक स्वास्थ्य परिक्षण प्रतिवेदनमा Hymen: Healed scratch with Hymenal injury at 7 & 5 O'clock position भन्ने. उक्त रिपोर्टको खण्डन स्वयं नावालिकाले स.ज. ५ मा गाउँघरमा घास दाउर गर्थे, साइकल चढ्थें भनी गरेको बकपत्र र त्यसको अदालतमा उपस्थित भई विज्ञ विशेषज्ञ चिकित्सकले समेत कन्याजाली च्यातिनुका (ज्थmभल तभबच') हुनका कारणहरुमा पौडी खेल्नु, खेल खेल्नु, साइकल चढ्नु, जबरजस्ती करणी हुनु आदिले हुन्छ भनी गरेको बकपत्रबाट निज पीडितको बकपत्र समर्थित भएको देखिन्छ। सम्मानित सर्वोच्च अदालतबाट समेत पीडितको कन्याजाली च्यातिएको र पुरानो रहेको भनी स्वास्थ्य परिक्षणमा उल्लेख भएको तर्फ हेर्दा, कन्याजाली कठीन र गाह्रो काम गर्दा साइकल चढ्ने व्यक्तिको पनि फाट्ने भएकाले यि प्रतिवादीको जबरजस्ती करणीबाट नै पीडितको कन्याजाली च्यातिएको होला भनी अनुमान गर्न मिल्ने देखिएन। (नेपाल सरकार वि. दिलिप राई, जबरजस्ती करणी, सर्वोच्च अदालत बुलेटिन, २०७२ मंसिर २, पृष्ठ २२ पूर्णाङ्क ५६२) भन्ने न्यायिक मान्यता स्थापित भएको छ। प्रस्तुत मुद्दामा पीडित भनिएकी युवती स्वयंले घाँस दाउरा गर्ने, साइकल चढ्ने र खेलाडी समेत रहेको बेहोरा आफ्नो बकपत्रमा खुलाएकिले निजको कन्याजाली च्यातिएको (फाटेको) हुनु मात्रको आधारमा निज उपर प्रतिवादीबाट जबरजस्ती करणी भएको भन्न मिलेन।

४३. प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम कुनै घटनाको सम्बन्धमा थाहा पाउने व्यक्तिले अदालत समक्ष व्यक्त गरेको कुरा प्रमाणमा लिनुपर्ने हुन्छ। अभियोग दावीमा पीडित भनिएकी गैंडाकोट ५(क)ले सुरु अदालतमा गरेको विपरित साक्षी बकपत्र बेहोरालाई प्रमाणमा नलिनका लागि निज मानसिक रुपमा अस्वस्थ्य रहेको भन्ने देखिनु पर्छ अन्यथा अन्य कुनै डर, त्रास, दवाव प्रभाव एवं प्रलोभनका कारण भएको हो भन्नलाई स्वतन्त्र वस्तुनिष्ठ ठोस प्रमाणले नदेखिएसम्म त्यसलाई प्रमाणमा लिनुपर्ने हुन्छ र त्यसो प्रमाण ग्राह्य हुन्छ। अन्यथा अदालतमा बकपत्र गर्दा नाबालिकाले आफू उपर प्रतिवादीबाट जबरजस्ती करणी वा अन्य कुनै प्रकारको यौन शोषण नभएको भनी अदालत समक्ष गरेको बकपत्रलाई नै प्राथमिक र मूल प्रमाण मान्नुपर्ने समेत आधारबाट अभियोग दावी बमोजिमको जबरजस्ती करणीको कसूर भएको मान्न मिल्ने देखिएन।

४४. अनुसन्धान तहकिकातको क्रममा बुझिएका मानिसहरु मध्ये योगेश काजी भन्ने योगेश शाह, दुर्गेश भन्ने दुर्गाबहादुर थापाले सुरु अदालतमा बकपत्र गर्दा अनलाईन मिडियामा पल शाह र पीडित भनिएकी गैंडाकोट ५(क) को बारेमा केही नकरात्मक कुराहरु सुनेकाले प्रहरी कार्यालय गैंडाकोट आएका थियौं। सोही मौकामा प्रहरीले आफै लेखि तयार पारेको एउटा कागजमा सहिछाप गरिदिनु पर्‍यो भनेकाले सहिछाप गरेका हौं। लेखिएको बेहोरा हामीलाई थाहा भएन। पीडित भनिएकी गैंडाकोट ५(क) लाई कसैले जबरजस्ती करणी गरेको भन्ने पनि आफूहरुलाई थाहा नभएको, काठमाडौं बानेश्वर होटलमा म्युजिक भिडियो सुटिङ रिहल्सल भइरहेको मात्र थाहा थियो। जबरजस्ती करणीको विषयमा कुनै प्रकारको छलफल भएको थिएन

भन्ने बेहोराबाट बकपत्र गरेका छन्। बस्तुस्थिति मुचुल्काका अनन्त कँडेलले पनि सोही बेहोराबाट बकपत्र गरेका छन्। घटना विवरण कागज गर्ने अर्जुनप्रसाद तिवारी ( गैंडाकोट रिसोर्टका वेटर) ले पीडित भनिएकी गैंडाकोट ५(क) लाई गैंडाकोट रिसोर्ट संचालिका साहुनी आफैले बोलाएर आफ्नै छोरीसँग सुत्न भनी लगेकी हुन्। उनलाई जबरजस्ती करणी गरे, नगरेको हामीलाई थाहा भएन भन्ने बेहोराबाट र काजिश श्रेष्ठ भन्ने छत्रबहादुर श्रेष्ठले पल शाहले निजलाई जबरजस्ती करणी गरेका होइनन्। रिसोर्ट साहुनीले आफ्नी छोरीसँगै सुत्न भनेर लगेकी हुन भन्ने समेत बेहोराबाट बकपत्र गरेका छन्। यसरी अनुसन्धान तहकिकातको सिलसिलामा बुझिएका र वादी नेपाल सरकारको साक्षीहरुको बकपत्रले अभियोग माग दावीमा रहेको प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले गैंडाकोट ५(क) लाई कुनै प्रकारले जबरजस्ती वा यौन दुरुपयोय नगरेको भन्ने समेत बेहोराबाट सुरु अदालतमा बकपत्र गरिदिएको देखिन्छ। नेपाल सरकारको तर्फबाट पेस भएका सबै साक्षीहरुले अभियोग दावीलाई खण्डित गरेर अभियोग दावी आधारहिन रहेको भन्ने अर्थमा बकपत्र गरेको हुँदा प्रतिवादीलाई अभियोग दावी बमोजिम जबरजस्ती करणीको कसूरदार ठहर गर्न मिल्ने देखिएन।

४५. प्रतिवादीले सुटिङको क्रममा हाम्रो युनिटमा करिब ३०/३५ जना मानिसहरु रहेका हुन्छन्। त्यहाँ नियम अनुशासनको दायरमा बस्नुपर्ने हुन्छ। महिला र पुरुष कलाकारको अलग अलग कोठा र स्थान हुन्छ भनेका छन्। प्रतिवादीले पीडित भनिएकीलाई जबरजस्ती करणी गरेको भन्ने सरासर झुठा हो भन्ने प्रतिवादीका साक्षीहरु तथा सुटिङ कार्यका सहयात्रीहरु सागर लामिछाने र दमन न्यौपानेले सुरु अदालतमा बकपत्र गरेको देखिन्छ। यसैगरी मिति २०७७।१२।७, ८ र ९ गते पीडित भनिएकी गैंडाकोट ५(क) र प्रतिवादी हाम्रै होटल गैंडाकोट रिसोर्टमा बसेका हुन। गैंडाकोट ५(क) र म सँगै सुतेका हौं। पल शाह कति नम्बर कोठामा सुतेका थिए मलाई थाहा भएन। निजहरु एउटै कोठामा बसेकोसम्म पनि मैले देखिन। पल शाहले गैंडाकोट ५(क) लाई जबरजस्ती करणी गरेको मैले सुनिन। निजलाई सजाय हुनुपर्ने होइन भन्ने समेत बेहोराबाट गैंडाकोट रिसोर्ट संचालिकाकी छोरी सामिया जिसिले बकपत्र गरेकी छिन्। यसबाट प्रतिवादीले पीडित भनिएकी गैंडाकोट ५(क) रिसोर्ट संचालिका सुलोचना कुँवर जिसीकी छोरी सामिया जि.सि सँगै सुतेकी हुन भनी लिएको प्रतिवादीको जिकिर समर्थित हुन आएको देखिन्छ।

४६. फौजदारी कसूर प्रमाणित गर्न उपलब्ध भएसम्म आधुनिक प्रमाण संकलन र आधार मध्ये पोलिग्राफ (कसैको भनाईमा सत्यता छ वा झुठो हो भन्ने पत्ता लगाउने एकप्रकारको परिक्षण विधि) परिक्षण एक हो। तर पोलिग्राफ परिक्षण र त्यसबाट प्राप्त परिणाम वा प्रमाण फौजदारी कसूर मान्ने प्राथमिक प्रमाण हुन सक्दैन। सहायक प्रमाणसम्म हुन सक्छ। सम्बन्धित व्यक्ति अभियोग दावी बमोजिमको कसूरदार हो भन्ने सम्बन्धमा अन्य प्रमाणहरु रहेको अवस्थामा पोलिग्राफबाट देखिएको अवस्था वा तथ्यले त्यसलाई संपुष्टि सम्म गर्न सक्छ। प्रस्तुत मुद्दामा मिति २०७८।११।२९ मा गरिएको पोलिग्राफ परिक्षणमा प्रतिवादीको अवस्था ९९ प्रतिशत सामान्य र स्वभाविक अवस्थामा (ऋयलाष्मभलतष्बी भिखर्भा ढढ ५) रहेको भन्ने सम्बन्धित परिक्षण प्रतिवेदन रहेको देखिँदा पोलिग्राफ परिक्षणबाट समेत प्रतिवादीको बयान वा जवाफमा कुनै प्रकारको डर, दुविधा वा

शंकाजन्य मनस्तिथिको अवस्था समेत रहेको देखिँदैन। यसबाट समेत प्रतिवादीको अभियोग दावी बमोजिमको कसूरका सम्बन्धमा भएको ईन्कारी (प्रतिवाद) सत्य र प्रमाणमा आधारित रहेको भन्ने देखिई, प्रतिवादीलाई अभियोग दावीबाट सफाई दिनुपर्ने देखिन आयो।

४७. अभियोग दावी बमोजिमको वारदात भएको तर पीडितले प्रतिकार गर्न नसक्ने कुनै प्रकारको बाध्यात्मक अवस्था रहेको भन्ने देखिँदैन। वारदात मितिभन्दा पछिसम्म पीडित भनिएकी युवती प्रतिवादीसँगै रही अन्य विभिन्न स्थानहरुमा सुटिङहरुमा सहभागी भएको तथ्यलाई स्वयंमले नै स्वीकार गरेको देखिन्छ। यसरी वारदात स्थल वा कसूर अवस्थामा कुनै प्रकारको विरोध नभएको, कसैलाई केही पनि नभनेकी र तत्पश्चात लामो समयसम्म सह-व्यवसायिक यात्रा (सुटिङ कार्य) मा सहज रुपमा रहे, भएको भन्ने देखिन्छ। अनुसन्धानको क्रममा प्राप्त हुन आएको भनी अभियोजन पक्षले पेस गरेको २ मिनेट ३५ सेकेन्डको वार्ता (सम्वाद) मा प्रयोग भएका बाक्यहरु मध्ये अभियोजन पक्षले "यसमा चाँही के छ भनेसी यो यति ठूलो डिसिजन पर्छ नै भन्ने छैन किनभने उ प्रेग्नेन्ट भाको भए... मैले गर्दा पेग्नेन्ट भएको भए... समस्या भएको भए वा बच्चा भएको भए कुरा मिल्यो... विहे गर्ने स्वीकार्ने कि नस्वीकार्ने, अब गर्लफ्रेण्ड ब्यायफ्रेन्डमा अरुको बाहिर हेर्नुस्... अब अहिले यदि छ... कान्छी गर्लफ्रेण्डमा अण्डरस्टयाडिङ हिसाबमा हुँदा पनि लास्टमा स्वीकार्नै पर्छ, विवाह गर्नै पर्छ..." भन्ने बाक्याशंहरुलाई प्रमाणका रुपमा प्रस्तुत गरेको छ र वादी नेपाल सरकारको पुनरावेदन पत्रमा समेत सोही प्रमाणलाई प्राथमिक आधार प्रमाणका रुपमा लिइएको देखिन्छ। उल्लिखित बेहोराको संवादको अडियोको प्रमाणिक महत्वका सम्बन्धमा विवेचना गर्दा, प्रथमतः पीडित स्वयंमले सो अडियोमा भएका संवादहरु आफूहरु बिच फिल्म रिहल्सलका लागि बोलिएका संवादहरु हुन् भनी त्यसको वास्तविकतालाई अस्वीकार गरेको देखिन्छ (स२५ज), भने प्रतिवादीले समेत उक्त संवादको स्वर आफ्नो भएको स्वीकार गरेको भएतापनि उक्त संवादहरु ईडिटेड गरिएको हो भन्ने बेहोरा लेखाएको पाइन्छ। अर्कोतर्फ विवादित विषयमा नै प्रतिवादीसँग भएका सम्वादहरुलाई इजलास समक्ष पेस भई त्यसका संवादहरु श्रवण गर्दा विभिन्न २/३ जना पुरुषहरुको स्वर सुनिन्छ र ति व्यक्तिहरुको भनाई र सार नै विचारणीय देखिन्छ। फरक फरक व्यक्तिहरुले पीडित भनिएकी परिवर्तित नाम गैंडाकोट ५ (क) लाई सिकाउदै उनले सवाल जवाफ गर्ने र त्यही समयमा उनीहरुका बिचमा भएका कुराहरु समेतलाई सारमा बुझ्दा **"पीडित भनिएकी युवतिलाई पल शाहले स्वीकार गर्नुपर्ने अन्यथा पल शाहलाई फिल्म क्षेत्रबाटै बाहिर निकाली झोला बोकाएर दाङ तिर पठाउने र यसका लागि पछिसम्म युवतीलाई सहयोग गर्न उनीहरु तयार रहेको"** बेहोरा भन्ने समेत देखिन्छ। यसबाट वादी नेपाल सरकारले प्रमाणका रुपमा पेस गरेको उक्त सम्वाद अडियोको विश्वसनियता शंकारहित रुपमा प्रमाणित हुन सक्ने देखिँदैन। तत्काल अन्य व्यक्तिको दबाबमा भएको भन्ने सम्वादको समग्र अध्ययन (श्रवण) बाट देखिन आयो।

४८. अर्कोतर्फ, मिसिल संलग्न अडियोमा भएको संवादहरुको समग्रतालाई अभियोग पत्रमा खुलाएको छैन। आंशिक वाक्यांशहरुमा उद्धरण गरिएको छ। यसबाट पुरै संवाद के, कसरी सुरु भएको हो? र प्रत्येक वाक्यहरुको सोझो अर्थ के हो? भन्ने द्विविधा उत्पन्न भएको छ। अडियोमा बोलिएका वाक्यहरु समग्रता

प्रस्तुत हुन नसकी केही शब्दहरु मात्र राखिएकोले त्यसको वास्तविकता, सत्यता र विश्वसनीयता प्रमाणित गर्न सक्दैन। अडियो भिडियोको दृश्य तस्वीर सहितको हुनुपर्छ, (ने.का.प. २०७७, अंक ६, नि.नं. १०५२५, पृ. १२२२) अस्पष्ट वा शब्दमा मात्र रहेको त्यस्तो प्रमाणको प्राथमिक प्रमाणिक महत्व हुन सक्दैन। पेस भएको अडियो रेकर्ड संकलनको आधिकारीकताको अभाव, सोमा रहेको भनी उल्लेख भएका वाक्याशंहरुलाई सम्बन्धित अभिनयका लागि बोलिएका संवादहरु हुन भन्ने पीडित भनिएकी युवतीको बकपत्रबाट समेत उक्त अडियोको विश्वसनियता खण्डित भएको छ। उक्त अडियोको प्रमाणिकताको सवाल एवं प्रतिवादीलाई उक्त अडियो सनाखत गराइएको समेत नदेखिएको र माथि उल्लिखित आधारहरुबाट त्यसलाई प्रमाणमा लिई सोही प्रमाणको आधारमा मात्र प्रतिवादीहरुलाई कसूरदार ठहर गर्न मिल्ने देखिएन। शंका शंका नै हो। शंकाले प्रमाणको रुप धारण गर्न सक्दैन (सर्वोच्च अदालत बुलेटिन, पूर्णाङ्क ७०८, पृष्ठ २८)। अझ जबरजस्ती करणी जस्तो गम्भिर एवं निन्दनीय प्रकृतिको मुद्दामा शंका अविश्रिय एवं विवादास्पद अडियोलाई मात्र आधार मानेर कसूरदार ठहर गर्नु सर्वथा अन्याय हुन जान्छ।

४९. जबरजस्ती करणी जस्तो कसूर आफैमा पनि गम्भिर एवं अमानवीय कार्य हो। तथापी कुनै पनि व्यक्ति माथि लगाएको अभियोग दावीलाई प्रत्यक्ष प्रमाण एवं शंकारहित स्वतन्त्र प्रमाणहरुले वस्तुनिष्ठ रुपमा प्रमाणित गर्नुपर्ने हुन्छ। सामान्यतयाः जबरजस्ती करणीको वारदातमा प्रत्यक्षदर्शी हुदैनन्। जबरजस्ती करणी भएको भन्ने वारदातमा पीडितले प्रतिकार गरेको र कसैले सुनेको, तत्काल वा वारदात भनिएको भोलिपल्ट वा जति सक्दो छिटो पीडितले कसैलाई भनेको आधारमा खुलाउन सक्ने व्यक्ति, पीडित वा पीडकको कपडा वा विर्य वा कुनै यौनजन्य तरल पदार्थ वा रौंहरु वा शरीरमा लागेका चोटपटकहरु जस्ता प्रत्यक्ष एवं वस्तुगत प्रमाण हुन सक्दछन्। प्रस्तुत मुद्दामा भएको वारदात स्थल वा सो वारदातको कारणले सिर्जित अवस्थामा उल्लिखित प्रमाणहरुको अभाव रहेको छ। पीडित भनिएकी नावालिका नै प्रत्यक्ष प्रमाण हुन्। उनी स्वयंले नै आफू उपर प्रतिवादीबाट कुनै प्रकारको करणीजन्य कार्य वा यौन दुरुपयोग भएकै छैन भनी अदालतमै जाहेरवाला वुवाकै रोहवरमा बकपत्र गरेको अवस्था छ भने यसै सन्दर्भमा श्री सर्वोच्च अदालतले न्यायिक सिद्धान्त जबरजस्ती करणी मुद्दामा पीडित नै सर्वश्रेष्ठ प्रमाण हुने हुँदा निज पीडिता अदालतमा उपस्थित भई स्वयंमले आफू उपर प्रतिवादीबाट जबरजस्ती करणी नभएको भनी स्वतन्त्र रुपले बकपत्र गर्दा गर्दै प्रतिवादी उपर किटानी जाहेरी परेकै कारणले मात्र प्रतिवादीलाई दोषी करार गर्नु न्यायसम्मत हुँदैन। पीडितको अस्वीकार्यपूर्ण स्वतन्त्र बकपत्रलाई निजको स्वास्थ्य परिक्षण प्रतिवेदन र सो प्रतिवेदन लेख्ने चिकित्सकको बकपत्रबाट समेत पुष्टि भएको देखिँदा जबरजस्ती करणी जस्तो गम्भिर मुद्दामा केवल जाहेरीको भरमा मात्र कसूर भएको अनुमान गरी प्रतिवादीलाई कसूरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरित हुने सर्वोच्च अदालत बुलेटिन, २०७५ श्रावण-२, पृ. २५, पूर्णाङ्क ६२५) भन्ने समेत न्यायिक निष्कर्ष रहेको सन्दर्भबाट हेर्दा समेत प्रतिवादीलाई अभियोग दावी बमोजिमको कसूरदार ठहर गर्न मिल्ने देखिएन।

५०. वस्तुतः जाहेरवाला सहित मौकामा बुझिएका सबै साक्षी प्रमाणहरुले अभियोग दावी खण्डित हुने गरी बकपत्र गरेको अवस्था छ। मालाकार रुपमा रहेको देखिनुपर्ने परिस्थितिजन्य प्रमाणहरुको विद्यमानताको समेत

अभाव रहेको देखिन्छ। प्रतिवादी र नावालिका बिच भएको अडियो क्लिपको संवाद अस्पष्ट शंकाजन्य स्थितिको रहेको छ। स्वयंम् पीडित भनिएकी नावालिकाले आफू उपर कुनै प्रकारको हिंसा भएको होइन् भनेको र अन्य स्वतन्त्र सम्वद्ध एवं स्वतन्त्र प्रमाणहरुबाट अभियोग दावी प्रमाणित हुन नसकेको स्थितिमा शंकाको आधारमा प्रतिवादीलाई जबरजस्ती जस्तो गम्भिर कसूरमा कसूरदार ठहर गरी सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्त एवं सम्मानित सर्वोच्च अदालतबाट स्थापित माथि उल्लिखित विभिन्न र सम्वद्ध अन्य न्यायिक मान्यताहरुको रोहबाट समेत मनासिव हुँदैन।

५१. सुरु नवलपुर जिल्ला अदालतले अभियोग दावी बमोजिमको वारदातलाई मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा २२५ बमोजिमको बालयौन दुरुपयोगको वारदात कायम (ठहर) गरी, सोही अनुसार प्रतिवादीलाई २ वर्ष ६ महिना कैद तथा रु.२५,०००।- (पच्चिस हजार रुपैयाँ) जरिवाना सजाय हुने र परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) ले प्रतिवादीबाट रु.१०,००,०००।-(दश लाख रुपैयाँ) क्षतिपूर्ती स्वरुप भरी पाउने ठहर्याएको तर्फ हेर्दा, माथि विवेचित विभिन्न आधारहरुबाट अभियोग दावी बमोजिमको जबरजस्ती करणीको कसूर प्रतिवादीबाट भएको नदेखिएको, वारदातको समग्र अवस्था र जाहेरवाला समेतको बकपत्रबाट कुनै पनि बखत परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) उपर प्रतिवादीबाट हातपात वा यौन दुर्व्यवहार अर्थात् यौनजन्य हिंसा भएको भन्ने नदेखिई, स्वयं परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) बाट आफू उपर कुनै प्रकारको यौन हिंसा वा दुर्व्यवहार वा दुरुपयोग प्रतिवादीले नगरेको भनी सुरु अदालतमा बकपत्र गरेको अवस्थामा अभियोग दावी बमोजिमको नभएको वारदातलाई परिवर्तन गरी बालयौन दुरुपयोग तर्फको वारदात (कसूर) ठहर गरी प्रतिवादीलाई उल्लिखित सजाय गरेको सुरु नवलपुर जिल्ला अदालतको फैसला मिलेको देखिएन। बालयौन दुरुपयोगतर्फको कसूर ठहर गरी सोही अनुसारको सजाय निर्धारण गरेको भन्ने देखिन आई उल्लिखित आधार र कारणहरुबाट उक्त बालयौन दुरुपयोगतर्फको कसूर ठहर र सजाय निर्धारण समेत मिलेको देखिएन।

५२. तसर्थ, उल्लेखित आधार र कारणबाट प्रतिवादी पल शाह भन्ने पूर्णविक्रम शाह र पीडित भनिएकी नाबालिक परिवर्तित नाम २०७८ गैंडाकोट ५(क) बाग्लुङ तनहूँ हुँदै गैंडाकोट सौराहा समेतका स्थानहरुमा पुगी "सुर्ति माड्दै माड्दै" भन्ने समेतका बोलका गीतहरुमा सुटिङ गरी बरादात मिति २०७७।१२।७ गते राती गैंडाकोट रिसोर्टमा होटल संचालिका सुलोचना कुँवर जिसीकी १२ वर्षिया छोरी, सामीया जिसीसँग सँगै परिवर्तित नाम गैंडाकोट ५ (क) राती कोठा नं. १०१ मा बसेको सम्मको आंशिक तथ्यलाई प्रतिवादी पलशाह भन्ने पूर्ण विक्रम शाहले स्वीकार गरेपनि अभियोग दावी बमोजिमको जबरजस्ती करणी सहितको यौन दुर्व्यवहार परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) उपर आफूले नगरेको भनी मौकामा कागज गर्दा र सुरु नवलपुर जिल्ला अदालतमा बयान गर्दा समेत अभियोग दावी बमोजिमको कसूरमा इन्कार रहेको, परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) ले सुरु अदालतमा प्रतिवादीबाट जबरजस्ती करणी सहितको यौन दुर्व्यवहार नभएको भनी बकपत्र गरेकी, जाहेरवाला परिवर्तित नाम २०७८ गैंडाकोट ५ (ख) ले समेत जाहेरी बेहोरालाई अस्वीकार गरी प्रतिवादी कसूरदार होइनन् भन्ने समेत बेहोराबाट बकपत्र गरेका, मौकामा

बुझिएका घटना विवरण समेतमा वादी नेपाल सरकारको तर्फबाट रहेका सबै साक्षीहरुले अभियोग दावी बमोजिम प्रतिवादीले जबरजस्ती करणी गरेका होइनन् भनी बकपत्र गरेका, बारदातको मितिको ५ महिना पछि अर्थात् मिति २०७८।११।१५ मा जाहेरी दरखास्त पर्नु अगाडी मिति सन् ३१-०८-२०२१ अर्थात् २०७८।५।१५ गतेका दिन परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) ले प्रतिवादीलाई "हामीलाई थाहा छ, हामी बिच त्यस्तो केही भएन, यस बिच तिमीलाई परेको दुःखका लागि माफी माग्न चाहान्छु..." भन्ने समेत बेहोराबाट प्रतिवादीको मोवाइलमा म्यासेज गरेको देखिएको, पोलिग्राफ परीक्षण गर्दा प्रतिवादीको प्रस्तुती अवस्था ठिक (Confidence Level more than 99%) रहेको भन्ने उक्त प्रतिवेदनबाट देखिएको र अनुसन्धानको क्रममा संकलन भएका परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) र प्रतिवादीका बिचको सम्वाद (अडियो) को विश्वसनियता शंकारहित प्रमाण एवं अन्य वस्तुनिष्ठ प्रमाणबाट समर्थित हुन नसकेको समेतका आधार र प्रमाणहरुबाट प्रतिवादी पल शाह भन्ने पूर्ण विक्रम शाहलाई अभियोग दावी बमोजिको जबरजस्ती करणीको कसूर (वारदात) परिवर्तन गरी निजको कसूरलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २२५(१) को कसूर ठहर गरी सोही ऐनको दफा २२५(२) बमोजिम २ वर्ष ६ महिनाको कैद सजाय तथा रु.२५०००।- (पच्चिस हजार रुपैयाँ) जरिवाना हुने र परिवर्तित नाम २०७८ गैंडाकोट ५ (क) ले प्रतिवादीबाट रु.१०,००,०००।- (दश लाख रुपैयाँ) क्षतिपुर्ती वापत भराई पाउने ठहर्याएको सुरु नवलपुर जिल्ला अदालतको मिति २०७९।५।२१ को फैसला माथि उल्लिखित आधार र कारणहरुबाट मिलेको देखिएन।

अतः सुरु नवलपुर जिल्ला अदालतको उक्त फैसला उल्टी भई पुनरावेदक प्रतिवादी पल शाह भन्ने पूर्ण विक्रम शाहले अभियोग दावीबाट सफाई पाउने ठहर्छ। प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहलाई अभियोग दावी बमोजिम जबरजस्ती करणीको कसूरमा कसूरदार ठहर गरिपाऊँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। पुनरावदेक प्रतिवादी पल शाह भन्ने पूर्ण विक्रम शाह अन्य मुद्दाको रोहबाट थुना वा कैदमा राख्न नपर्ने भए प्रस्तुत मुद्दाको रोहबाट कारागार मुक्त गरिदिनु भनी निज कैद (थुना) मा रहेको जिल्ला कारागार कार्यालय तनहूँमा अविलम्व लेखी पठाउनु। अरु तपसिल बमोजिम गर्नु।

## तपसिल

- माथि ठहर खण्डमा लेखिए बमोजिम सुरु नवलपुर जिल्ला अदालतको फैसला उल्टी भई प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाहले अभियोग दावीबाट सफाई पाउने ठहरेकोले सुरु फैसला अनुसार निजको नाँउमा सुरु जिल्ला अदालतमा कसिएको लगत कट्टा गर्नु भनी सुरु जिल्ला अदालतमा लेखी पठाई निज प्रतिवादी पल शाह भन्ने पूर्णबिक्रम शाह कारागार कार्यालय, तनहूँमा थुना/कैदमा रहेको देखिँदा निजलाई थप थुना/कैदमा राख्नुपर्ने नभएमा प्रस्तुत मुद्दाको रोहबाट अबिलम्व थुना/कैदमुक्त गरिदिनु भनी कारागार कार्यालय, तनहूँमा लेखी पठाईदिनुहोला..........................................................................१

- प्रस्तुत फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी उच्च सरकारी वकील कार्यालय, पोखरालाई दिनुहोला..........................................................................................२
- नक्कल माग्ने सरोकारवालालाई नियमानुसार गरी नक्कल दिनुहोला..............................................३
- प्रस्तुत फैसला विद्युतीय प्रणालीमा अपलोड गरी फैसला प्रमाणिकरण भएको विवरण अदातलको सूचना पाटीमा र यस अदालतको वेबसाइटमा प्रकाशन गर्नुहोला.......................................................४
- प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सुरु मिसिल सुरु जिल्ला अदालतमा पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनुहोला.....................................................................५

**(श्रीधरा कुमारी पुडासैनी)**
**न्यायाधीश**

उक्त रायमा सहमत छु।

**(डिल्लीराज आचार्य)**
**का.मु.मुख्य न्यायाधीश**

**इजलास अधिकृतः सुभास पोखरेल**
**कम्प्युटर अपरेटरः केशव पौडेल**
**इति सम्वत २०७९ साल फागुन महिना १४ गते रोज १ शुभम्.................................................।**
**प्रमाणिकरण मितिः २०८०।२।३१**